# नयाँ सन्दर्भ साप्ताहिक

**Naya Sandarbha Weekly**

वर्ष : २५ | अंक : २५ | पृष्ठ ६ | भद्रपुर | वि.सं. २०७७ माघ १८ *(January 31, 2021)* | नेपाल सम्वत ११४१ | मुल्य : रु.१०।-



**सबैको रोजाई**

मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका लागि
अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान
अध्यक्ष : गोपालकुमार बस्नेत

**विर्तासिटी हस्पिटल**
विर्तामोड, झापा


### झापामा नौ हजार जनालाई पुग्ने कोभिशिल्ड खोप उपलब्ध

# पहिलो चरणमा स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक, लगायतलाई लगाइने

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । झापामा माघ १४ गतेबाट कोरोना भाइरसविरुद्धका "कोभिशिल्ड"नामक खोप लागाउन शुभराम्भ गरिएको छ । झापाका तीन नगरपालिका मेची प्रादेशिक अस्पताल भद्रपुर, दमकको सरकारी अस्पताल र बिर्तामोडस्थित अनारमनि स्वास्थ्य केन्द्रमा खोप लगाएर शुभराम्भ गरिएको हो ।

भद्रपुरस्थित मेची प्रादेशिक अस्पताल डा. मनिष सुवेदीले पहिलो खोप लगाएका छन् । डा. सुवेदी मेची प्रादेशिक अस्पतालमा कार्यरत छन् । भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठले खोप अभियानको शुभारम्भ गरे ।

यसैगरी अनारमनी स्वास्थ्य केन्द्र विर्तामोडमा डा. हेमन्त राठीले पहिलो खोप लगाए । डा. राठी लावण्य हेल्थकेयर क्लिनिकमा कार्यरत छन् । विर्तामोडस्थित अनारमनी स्वास्थ्य केन्द्रमा स्थानीय नगरप्रमुख ध्रुव शिवाकोटीले खोप अभियान सफलताको शुभकामना मन्तव्य व्यक्त गरेर अभियानको प्रारम्भ गरे ।

त्यस्तै दमकमा पहिलो खोप दमकस्थित आम्दा अस्पतालका पूर्व सुपरीटेन्डेन्ट डा. नबिन ढकाललाई खोप दिईएको थियो । त्यस अवसरमा दमक नगरपालिकाका प्रमुख रोमनाथ ओली लगायतको उपस्थिति थियो । खोपको सफलताको कामना गर्दै राष्ट्रिय सभा सदश्य देबेन्द्रदाहाले कार्यक्रमको शुभराम्भ गरे ।

कोरोना भाइरसविरुद्धका "कोभिशिल्ड"नामक खोप बारेमा,झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सिनाले, पहिलो चरणको खोप कोभिड-१९ को महामारीविरुद्ध



अग्रपङ्क्तिमा खटिएका स्वास्थ्यकर्मी, सरसफाइकर्मी, एम्बुलेन्स र शववाहनका चालक, सुरक्षाकर्मी र व्यवस्थापकीय कार्यमा खटिएका कर्मचारीलाई लगाइने बताए ।

जिल्ला स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चौलागाईंका अनुसार, झापामा नौ हजार जनालाई पुग्ने गरी भारतमा उत्पादित कोभिशिल्ड नामक कोरोना खोप सरकारले पठाएको छ । आधा मिलिलिटर मात्रामा खोप पाखुराको मासुमा लगाइने र दोस्रो खेप चार हप्तापछि लगाइने छ । यो खोप मेची प्रादेशिक अस्पतालमा भद्रपुरबाट, मेचीनगर नगरपालिका, हल्दिबारी गाउँपालिका र कचनकबल गाउँपालिकाका लागि खोप अभियान सञ्चालन गरिने छ । यसैगरी अनारमनी स्वास्थ्य केन्द्रबाट विर्तामोड नगरपालिका, अर्जुनधारा नगरपालिका, बुद्धशान्ति गाउँपालिका, झापा गाउँपालिका, कनकाइ नगरपालिर्का र बाह्रदशी नगरपालिकाका व्यक्तिहरुलाई खोप लगाइने भएको छ भने, दमक अस्पतालबाट दमक नगरपालिका, गौरादहनगरपालिका, गौरीगञ्ज गाउँपालिका, कमल गाउँपालिका र शिवसताक्षी नगरपालिकाका व्यक्तिहरुले खोप लगाउनेछ्न् ।

कोरोना भाइरस विरुद्धको खोप अभियान शुरु भएको पहिलो दिन झापाका तीनवटा खोप केन्द्र मार्फत पाँचसय ३५ जनाले 'कोभिसिल्ड' खोप लगाएका छ्न् ।

झापाको मेची प्रादेशिक अस्पताल भद्रपुरमा ७६, अनारमनी नगर अस्पतालमा तीनसय १४ र दमक केन्द्रमा एकसय ४५ जनाले कोभिसिल्ड खोप लगाएको जिल्ला स्वास्थ्य कार्यालय झापाका कोरोना फोकल पर्सन जीवन चौंलागाईले जानकारी दिए । उनका अनुसार कोभिसिल्ड खोप लगाउनेमा पुरुषको भन्दा महिलाको संख्या बढिरहेको छ । तीनवटै खोप केन्द्रमार्फत खोप लगाउनेमा दुईसय १८ जना पुरुष रहेका छन् भने महिलाको संख्या तीनसय १७ रहेको छ ।

यसैगरी, कोभिड १९ बिरुद्धको खोप अभियानको दोश्रोदिन माघ १५गते ५५८ जनालाइ लगाइएको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ । जसमा २७६ जना महिला र २८२ जना पुरुष रहेका स्वास्थ्य कार्यालयले जनाएको छ । सो कार्यालयका अनुसार, मेची प्रादेशिक अस्पताल भद्रपुरबाट ११३ जना, अनारमनि नगरअस्पतालबाट २०५ जना र दमक अस्पतालबात २४० जनालाइ खोप लगाइएको छ ।

कोभिड १९ बिरुद्धको खोप अभियानको तेश्रोदिन माघ १६ गते ४४१ जनालाई जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ । जसमा २७७ जना महिला र १६४ जना पुरुष रहेको स्वास्थ्य कार्यालयले जनाएको छ । सो कार्यालयका अनुसार, मेची प्रादेशिक अस्पताल भद्रपुरबाट ११८ जना, अनारमनि नगरअस्पतालबाट ११० जना र दमक अस्पतालबात २१३ जनालाइ खोप लगाइएको छ ।

झापामा माघ १७ गते कोभिड १९ बिरुद्धको खोप चौथोदिन २२४ जनालाइ लगाइएको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ । जसमा १४१ जना महिला र ८३ जना पुरुष रहेका स्वास्थ्य कार्यालयले जनाएको छ । सो कार्यालयका अनुसार, मेची प्रादेशिक अस्पताल भद्रपुरमा ७४ जना, अनारमनि नगरअस्पतालमा ८० जना र दमक अस्पतालमा ७० जनालाइ खोप लगाइएको छ ।

# हर्कत सच्याउन युनियनको माग

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । पूर्वमन्त्री समेत रहेका नेकपा ओली समूहका नेता महेश बस्नेतले नामै तोकेर विभिन्न संचारमाध्यमका सम्पादकहरुलाई सार्वजनिक कार्यक्रममा धम्क्याएको भन्दै नेपाल प्रेस युनियनले गम्भीर ध्यानाकर्षण गरेको जनाएको छ कप्रतिनिधिसभा विघटन गरेर प्रतिगमनको बाटोमा हिडेको ओली सरकारको गतिविधिप्रति आलोचक बन्दै आएको नेपाली संचारमाध्यम संविधान, लोकतन्त्र, विधिको शासन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा आफूलाई उभ्याउँदै आएको अवस्थामा बस्नेतले धम्क्याउन थालेको भन्दै युनियनले आपत्ति जनाएको हो ।

महासचिव अजयबाबु शिवाकोटीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ– नेपाली संचारजगतको मूल हिस्सा प्रतिमगनको विरुद्ध सतिसाल झै खडा भएपछि अत्तालिएको ओली नेतृत्वको सत्ता र समूह अहिले बर्बराउन थालेको छ । इ कागजका सम्पादक हरि बहादुर थापा, कान्तिपुरका सम्पादक सुधिर शर्मा र रातोपाटीका सम्पादक ओम शर्माको नामै लिएर ओली समूहका नेता बस्नेतले सार्वजनिक कार्यक्रममा धम्कयाउने कार्य यहि बर्बराहट मात्र हो भन्ने युनियनको बुझाई छ । सांसद अपहरण लगायत विगतमा विभिन्न विवादित कार्यमा संलग्न रहि पछिल्लो पटक साइबर सेना गठन गरी फरक मत राख्नेहरु विरुद्ध संगठित आक्रमण र दुष्प्रचार गर्दै आएका बस्नेतका तर्फबाट आएको यो धम्की ओली समूहले आफ्नो आलोचक बनेको संचार माध्यमलाई कसरी हेर्छ र कसरी मुख बन्द गर्न प्रयास गर्छ भन्ने उदाहरण पनि हो । लोकतन्त्रको पक्षमा र प्रतिगमनको विरुद्धमा आफू र आफू सम्बद्ध संचार माध्यमलाई अविचलित रुपमा उभ्याउँदै आएका सम्पादहरुको पक्षमा नेपालका मात्र नभइ संसारका स्वतन्त्राता प्रेमीहरु साथमा छ्न् । कायरहरुले दिने यस्ता धम्कीको पर्वाह नगरी आफ्नो कर्म जारी राख्न युनियन सबै सम्पादकहरुलाई आग्रह पनि गर्दछ । नेपाल प्रेस युनियन यस्ता धम्किपूर्ण अभिव्यक्तिको कडा शब्दमा निन्दा गर्दै सम्बन्धित सम्पादकहरु र नेपाली संचारजगतसँग तत्काल माफ माग्न बस्नेतलाई सचेत गराउँछ, भनिएको छ ।

# ईँटा उद्योगबिरुद्ध स्थानीयवासी आन्दोलित

– **सन्दर्भ समाचारदाता**

दमक । वातावरण प्रदूषणलाई बेवास्ता गर्दै घना मानवबस्ती छेउमै झापाको कमल गाउँपालिका वडा नम्बर १ मा दमकका एक उद्योगीले ईँटा उद्योग खोल्ने तयारी गरेपछि स्थानीयवासी आन्दोलित बनेका छन् । स्थानीयको सहमतिबेगर दमकका व्यवसायी गुणराज थापाले ईँटा उद्योग खोल्ने तयारीमा लागेपछि त्यसको स्थानीयले विरोध गरेका हुन् । व्यवसायी थापाले कमल १ स्थित रतनचौनमा गाउँलेको असहमति हुदाँहुदै जबरजस्ती ईँटा उद्योग खोल्न लागेकोमा वातावरणमैत्री समाज निर्माणका लागि प्रदूषण युक्त उद्योगविरुद्ध भन्दै उनीहरूले बुधवार पत्रकार सम्मेलनको आयोजना गर्दै त्यसको घोर विरोध गरेका हुन ।

उनीहरू कुनै पनि हालतमा ईँटा उद्योग खोल्न नदिने र त्यसको प्रतिकार गर्ने र पछि नहट्ने चेतावनी दिएका छन् । व्यवसायी थापाको



छोराको नाममा १६ बिघा जमिनमा ईँटा उद्योग खोल्ने भनी २०७३ साल कार्तिक ९ गते गाउँपालिकाबाट एउटा पत्र आएको थियो । गाउँलेको हातमा पत्र परेपछि त्यही पत्र लिएर हामीहरू तत्काल गाउँपालिका पुगेको स्थानीय तुलसीराम दंगालले बताए ।

गाउँपालिकाका उपाध्यक्ष वेणु शिवाकोटीले गाउँलेको सहमतिबिना ईँटा उद्योग खोल्न नपाइने आश्वासन दिएपछि ढुक्क भएर फर्किएको बताए । त्यसपछि ईँटा उद्योगविरुद्ध ३२० जना गाउँलेको हस्ताक्षर गराएर गाउँपालिकामा निवेदन दर्ता गराएको भन्दै उनले भने, 'गाउँपालिकाको सिफारिस पत्रसहित घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर पुगेर त्यस विषयमा जानकारी गराएको थियौँ ।' तर उद्योगी थापाले केही कुण्डले मुण्डलेको आडमा गाउँवासीलाई धम्काउने, तर्साउने र फकाउने कर्तुतमा लागेर उद्योग खोल्ने

**बाँकी पृष्ठ ४ मा**




साभार भारखरी


**भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी-किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

**अर्जुनधारा नगरपालिकाको कार्यालय**
**शनिश्चरे (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी-किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

**रोश्नी ज्वेलर्स**
भद्रपुर-१० (बजार लाईन), चन्द्रगढी
प्रो. रञ्जु साह/ मुकेश साह
२४ क्यारेट
सम्पर्क : ९८६३६१४२७०
विना रसायन





**सुनगाभा सपिङ्ग सेन्टर**
भद्रपुर-१०, झापा
सेन्चुरी बैंक तल
०२३४५५९७२
निरज निरौला
९८५२६२०२७७
घर तथा अफिस डेकोरेसन तथा फर्निसिङ्ग सामाग्रीको थोक तथा खुद्रा विक्रेता




नयाँ सन्दर्भ साप्ताहिक Naya Sandarbha Weekly वि.सं. २०७७ माघ १८ *(January 31, 2021)* झा.जि.हु.द.नं. ८४/०७७-०७८ जि.का. झापा द.नं. ४८/०५२/०५३



# भद्रपुर भन्सारले मनायो ६९ औं अन्तर्राष्ट्रिय भन्सार दिवस



**– सन्दर्भ समाचारदाता**

भद्रपुर। भद्रपुर भन्सार कार्यालयलाई बदनाम गराउने खालका गतिविधि तुरुन्त बन्द हुनुपर्ने व्यवसायीहरूले जोडदार माग गरेका छन् । ६९ औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा मंगलबार भद्रपुर भन्सार कार्यालयले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा व्यवसायीहरूले यस्तो माग गरेकाहुन् । झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले भद्रपुर भन्सारभित्रको विकृतिहरू बाहिर आएकमले यस विषयमा आफू गम्भीर रहेको बताए । भन्सार कर्मचारीको इमानदारी र निष्ठा अत्यन्त महत्त्वपूर्ण हुनुपर्ने बताउँदै प्रमुख जिल्ला अधिकारी तिमिल्सिनाले भन्सारमा काम गर्न आउने व्यवसायीलमई पनि इमानदारी पूर्वक आफ्नो भूमिका निर्वाह गरी कानुनको पालना गर्न आग्रह गरे ।

नेपाल उद्योग वाणिज्य संघ प्रदेश १ का अध्यक्ष टीकाराज ढकालले व्यवसायीले भन्सारभित्र गर्ने गलत क्रियाकलाप रोक्नु पर्नेमा जोड दिए । गलत क्रियाकलापकै कारण उद्योगी व्यवसायीहरूलाई सडकमा प्रहरी प्रशासनले दुःख दिने गरेको बताउँदै झापा उद्योग संघका अध्यक्ष समेत रहेका ढकालले भने, 'यस विषयमा तपाईंहरु आफै गम्भीर बन्नुपर्छ, प्रहरी प्रशासनले सडकमा सामान समात्यो भन्दै हामी कहाँ आउनु हुन्छ, हामीले केही गरेनौं भनेर भन्नुहुन्छ । हामीले त्यस विषयमा बोल्दा उल्टै कुरा सुन्नु पर्छ ।' झापा उद्योग वाणिज्य संघका अध्यक्ष नवराज पनेरुले कर्मचारी प्रशासन वा व्यवसायी कसैलाई पनि भन्सारलाई बदनाम गराउने छुट नभएको बताए । 'सुरुमा भन्सारलाई खुकुलो बनाई त्यस्ता गतिविधिलाई प्रशय दिँदै जाँदा भन्सारमा काम गर्न आउने इमानदार व्यवसायीहरू पलायन हुने अवस्था सृजना भएको छ,' अध्यक्ष पनेरुले भने, 'यस्ता घटनाले गर्दा अहिले भन्सार कर्मचारी, सुरक्षाकर्मी र उद्योगी-व्यवसायीहरू बदनाम हुँदैछ, भन्सारले नै त्यस्ता गतिविधिलाई रोक लगाएमा कोही पनि बदनामको भागिदार हुनु पर्दैन ।' कार्यक्रममा भन्सार विभागले भद्रपुर भन्सारमा कार्यरत कम्प्युटर अपरेटर जगदीश्वर काफ्ले र रविलाल सिंह राजवंशीलाई उत्कृष्ट कर्मचारीको रुपमा सम्मान गरेको थियो ।

**कोरोना.....**

ताली बजाएर उत्साह मनाए । 'महामारीको समयमा खोप कहिले आउला भनेर बसिरहेको अवस्थामा अहिले खोप आयो,' डा काफ्लेले खोप लगाउने वित्तिकै भने, 'यो अभियान सुरु गर्न पाउँदा म अत्यन्तै उत्साहित छु, हर्षित छु, मैल खोप लगाएँ, म सबैलाई खोप लगाउन सुझाब दिन्छु ।' डा काफ्लेले खोप लगाएपछि विस्तारै अन्य चिकित्सकहरु पनि खोप लगाउन आउन थाले । डा काफ्लेले खोप लगाएको केही समयपछि खोप कार्यक्रम व्यवस्थापनमै खटिए । 'खोप लगाइहाँले अब केही समयपछि बिरामीको अप्रेसन गर्न जानु छ,' खोप लगाएको केही समयपछि आफु ड्युटीमा खटिने उनले सुनाए । तर, खोप केन्द्र परिसरमै रहेका केही स्वास्थ्यकर्मी भने भन्दै थिए, 'आज खोप लगाउनेहरुमा असर देखिन्छ कि देखिँदैन हेरौं, त्यसपछि लगाउनुपर्ला ।' तर खोप लगाउने चिकित्सकहरु भने खोप लगाइसकेपछि खुसी देखिन्थे । उनीहरुमा खोपले त्यस्तो साइडइफेक्ट देखिएको छैन । महाराजगञ्ज क्याम्पस प्रमुख प्राडा प्रताप नारायण प्रसादले भ्याक्सिन लगाउनु अघि केही डर रहेपनि भ्याक्सिन लगाएपछि ढुक्क भएको बताए । 'भ्याक्सिन लगाउनुपर्छ भन्ने योजना बनाएरै खोप लगाउन आएको थिएँ, खोपले केही असर गरिहाल्छ कि भन्ने अलिअलि डर पनि थियो,' प्रसादले स्वास्थ्यखबरसँग भने, 'तर, भ्याक्सिन लगाएपछि ढुक्क भएँ, म अरुलाई पनि यो खोप लगाउनुर डराउनु पर्दैन भन्छु। यो खोप सुरक्षित छ ।' खोप लगाएपछि आराम कक्षमा बसिरहेका त्रिवि शिक्षण अस्पतालका इमजेन्सी विभागका प्रमुख प्राडा योगेन्द्रमान शाक्यले पनि खोप लगाउन पाउँदा आफूलाई कुनै समस्या नदेखिएको बताए । उनले कोरोना भाइरस संक्रमण कसैको कन्ट्रोलमा नभएकाले खोप लगाउनै पर्ने बताए । 'अहिले काठमाडौंको कोलाहल हेर्दा कोरोना गइसक्यो भन्छन्,तर खतरा अझै छ, त्यसैले खोप लगाउँनै पर्छ,' डा शाक्यले भने, 'खोप लगाएपछि पनि जनस्वास्थ्यको मापदण्ड पालना गरीरहनु पर्छ ।'

कोरोना भाइरस विरुद्धको खोप लगाएर हर्षित मुद्रामा थिए टिचिङ अस्पतालका अप्रेसन थ्रिएटरका सुरक्षा गार्ड बल बहादुर नेपाली । शारीरिक रुपमा अपाङ्गता भएका नेपाली ह्वीलचियरमा बसेर खोप लगाउन आएका थिए । खोप लगाउन पाउँदा खुसी लागेको उनले सुनाए । 'खोप नेपालमा पाइँदैन भन्ने सोचेको थिएँ, तर आज पहिलो चरणमै लगाउन पाएँ,' नेपालीले भने, 'खोप लगाएपछि अब बाँचिन्छ, मरिदैन भन्ने लागेको छ, खोप लूयाउन पहल गर्नुभएकोमा सरकारलाई धन्यवाद दिन चाहन्छु ।'

त्रिवि शिक्षण अस्पतालमा बुधबार ३०० जना स्वास्थ्यकर्मीलाई खोप लगाउने योजना थियो । खोप लगाउने चिकित्सक तथा स्वास्थ्यकर्मीका लागि बिहान ८ बजे देखि नै खोपकार्ड वितरण सुरु गरिएको थियो । बिहान करिब साढे १० बजेदेखि सुरु भएको खोप अभियान दिउसो ४ बजेसम्म खोप कार्यक्रम संचालन भयो । सो अवधिमा १९१ जनाले मात्र खोप लगाएको अस्पतालका प्रवक्ता राम विक्रम अधिकारीले जाकारी दिए । उनका अनुसार खोप अभियानमा बुधबार सहभागी मध्ये अधिकाशं चिकित्सकहरु थिए । 'आज पहिलो दिन ३०० जनालाई खोप लगाउने योजना थियो, तर आज १९१ जनाले मात्र खोप लगाउनु भयो,' प्रवक्ता अधिकारीले भने, 'आज खोप लगाउने धेरैजसो चिकित्सकहरु हुनुहुन्थ्यो । पहिलो दिन भएर होला धेरैले लगाउन आउनु भएन, भोलीबाट खोप लगाउनेको संख्या बढ्छ होला ।'

प्रवाक्त अधिकारीले खोप लगाएका १९१ जनामा कुनै पनि स्वास्थ्य समस्या नदेखिएको पनि बताए । 'आज खोप लगाउने कसैमा पनि कुनै समस्या देखिएको छैन,' प्रवक्ता अधिकारीले भने, 'खोप लगाएपछि उहाँहरुलाई केही समय आराम गर्न दियौं, खोप लगाएर एकछिन आराम गरेर उहाँहरु अस्पतालमा ड्युटीमै खटिनु भयो ।' टिचिङ अस्पतालमा दैनिक ४ सय जनालाई खोप लगाउने तयारी छ । खोप कार्यक्रम बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म लगाइन्छ । टिचिङ अस्पताल, मनमोहन सेन्टर र बिपी आई सेन्टरमा गरी २ हजार जना स्वास्थ्यकर्मी पहिलो चरणमा खोप लगाउने प्राथमिकतामा छन। यस्तै कान्ति बाल अस्पताल, चिरायु अस्पताल, इशान अस्पतालका स्वास्थ्यकर्मी र तार्केश्वर नगरपालिका र काठमाडौं महानगरका सरसफाइका कर्मचारीलाई पनि खोप दिइने छ ।–स्वास्थ्य खवर

**साँच्चै.....**

भिडियोमा लय तथा संगीत संकलन सुवेदीको आफ्नै रहेको बताइएको छ । दोहोरी भाकामा रहेको गीतमा बहुमुखी प्रतिभावान व्यक्तित्व मातृकाप्रसाद संग्रौला र सीता भारतीले गायनमा



मुख्य भूमिका निभाएका छन् ।

सोही कार्यक्रममा साहित्य तथा कला क्षेत्रमा सक्रिय स्रष्टाद्वय भगवती ढुङ्गेल र देवीचरण भण्डारीलाई सम्मान पत्रद्वारा सम्मान गरिएको थियो । सम्मानित दुवैलाई कार्यक्रमका प्रमुख अतिथि गोपाल भण्डारी र प्राज्ञसभा सदस्य सुभद्रा भट्टराई, साहित्य चौतारी झापाका अध्यक्ष हस्त परियार, विर्तामोड नगर उद्योग वाणिज्य संघका महिला उपाध्यक्ष पार्वता खरेल विमलीले संयुक्त रुपमा सम्मान पत्र प्रदान गरेका थिए। मातृकला साहित्य आश्रम मेचीनगरका अध्यक्ष मातृकाप्रसाद संग्रौलाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि भण्डारी, विशेष अतिथि भट्टराई, साहित्य चौतारी झापाका संस्थापक संरक्षक देवीभक्त श्रेष्ठ, साहित्य चौतारी झापाका अध्यक्ष हस्त परियार लगायतले शुभकामना मन्तव्य राखेका थिए सरगम संगीतालयका संचालक दिपक रायमाझीले स्वागत गरेको कार्यक्रममा लोकार्पित गीतका गीत तथा संगीतकार लोकबहादुर सुवेदी र उनको रचनायात्रा तथा कार्यक्रमको औचित्यमाथि भगवती ढुङ्गेलले प्रकाश पार्नुभएको थियो ।



मोडेल : पल्लभी आचार्य


विद्यार्थी, शिक्षक, कर्मचारी
परिचय-पत्रको लागि
कम्प्युटर प्वाइन्ट चन्द्रगढी
भद्रपुर-७ (चन्द्रगढी), झापा
सम्पर्क : ०२३४५५७०६

अर्गानिक चिया पिऔं, स्वास्थ्य जीवन जिऔं
ग्रिनहिल टी हाउस
अर्गानिक ग्रिन टी — ध्यू, छुर्पी
गोल्डेन टी — अकवरे खोर्सानी
ह्वाईट टी — किवि फल, ललीपप
अर्थोडक्स टी — ग्राउन एप्पल
हामी कहाँ यी सामग्री सुपथ मुल्यमा उपलव्ध छन्
सम्पर्क : ९८५२६४६४१०, ९८४२६४६४१०
उत्पादक : ग्रिनहिल अर्थोडक्स चिया प्रसोधन उद्योग, साखेजुङ्ग-४, इलाम






विर्तामोड नगरपालिका
विर्तामोड (झापा) प्रदेश नं. १ को
जनहितमा जारी सन्देश
"पूर्वाधार नगर, विषादिरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वास्थ्य नागरिक विर्तामोड नगरपालिकाको समृद्धि"
- सडकको अधिकार क्षेत्रभित्र निर्माण सामग्री नराखौं ।
- घर निर्माण गर्दा इजाजत लिएरमात्र निर्माण कार्य शुरु गरौ
- भवन निर्माण गर्दा नगरपालिकाले स्वीकृत गरेको मापदण्डभित्र कम्तीमा २ वटा विरुवा रोपण गरौं । जग्गा खण्डीकरण गर्दा नगरपालिकाको पूर्व स्वीकृत लिनु अनिवार्य छ ।

विविध जातका फूलका विरुवा तथा बिउबिजनका लागि हामीलाई सम्झनुहोस् ।
न्यू उदेश नर्सरी
भद्रपुर-८, झापा





निर्माण जगतमा
मजबुद नाम
मनषा सिमेन्ट








निर्माण जगतमा
एक मजबुद शक्ति
ने.गु.नं. ३८५
ISO 9001:2008
Reg. No. RQ977/6760
गोरखकाली सिमेन्ट
AN ISO 9001:2008 CERTIFIED COMPANY

नेपाल स्वर्णकला भवन
झापाको एक मात्र २४ क्यारेटको रसायन बिनाको गहनाको लागि
भद्रपुर-६ (झापा)
फोन नं. : ०२३-५२०३५९
म्यानेजिङ्ग डाइरेक्टर सुभाषरत्न शाक्य
यहाँ हरेक डिजाइनका सुन र चाँदीका गहनाहरु ग्यारेन्टीका साथ बनाइन्छ ।
बिहीबार पसल बन्द रहने छ ।

ओम साई पाथीभरा हस्पिटल प्रा.लि.
भद्रपुरमा अब थप नयाँ सेवासहित
❖ल्याप्रोकोपी सर्जरी सेवा ❖स्त्री तथा प्रसुति रोग विशेषज्ञ सेवा ❖नाक. कान तथा घाँटी रोग विशेषज्ञ सेवा :
❖फिजिउसियन विशेषज्ञ सेवा ❖दन्त रोग विशेषज्ञ सेवा :
❖डायलाईसिस सेवा र डायलाईसिस गर्नु पर्दा लगाईने फिस्टुला सेवा ❖ बाल तथा नवजात शिशुरोग विशेषज्ञ सेवा ❖ मानसिक तथा स्नायुरोग विशेषज्ञ सेवा ❖ छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ सेवा
❖ भिडियो एक्स-रे सेवा ❖ मुटुको ईसीजी तथा ईको कार्डियोग्राफी सेवा ❖ पेटको ईण्डोस्कोपी सेवा
फिजियोथेरापी सेवा ❖ एसी क्याबीन तथा जनरल क्याबीन रुम सेवा
चौबिसै घण्टे सेवा : इमरजेन्सी सेवा, सिटी स्क्यान सेवा, डिजिटल एक्स-रे सेवा, प्याथोलोजी (ल्याब) सेवा, फार्मेसी सेवा, एम्बुलेन्स सेवा
भद्रपुर-९, सगरमाथा चौक, झापा, फोन नं. : ०२३-४५६५८१, ४५६९८१ मो. नं. : ९८५२६७८८२०


नयाँ सन्दर्भ साप्ताहिक । प्रकाशक तथा सम्पादक : गोविन्द चन्द छेत्री ९८४२६३७०८४ । कार्यकारी सम्पादक : द्रोण अधिकारी ९८४२६२८७९१ । कार्यालय : भद्रपुर-८, झापा, ०२३५२००९३
सह-सम्पादक : विगम श्रेष्ठ ९८०४९१६३२१। कम्प्युटर:अलिसा श्रेष्ठ । वेनाम सुब्बा । Email : nayasandarva@gmail.com मुद्रण राजु अफसेट प्रिन्टीङ् प्रेस, बुद्धशान्ति

# सम्पादकीय

## उखान मिसिएको भाषणले देश समृद्धितिर गयो त ?

लोकतन्त्र नागरिक प्रभुत्वको कालखण्ड हो। शासकले जस्तोसुकै नारा दिएर होस् या सडकमा भीड जमाएर जय गानसहित भित्तेलेखन गराउँदैमा लोकतन्त्र दीर्घजीवी हुन सक्दैन। शासकको यस्ता प्रत्येक कार्य प्रतिगमनको सूचन हुन्। विश्वको राजनीतिक इतिहासले यही सत्यलाई देखाएको छ। प्रतिगमनको रथमा आरोहण गरिरहँदासम्म शासकहरूले आफू पतनको बाटोमा छु भन्ने पत्तो पाउँदैनन्। त्यसैले अन्तिम समयसम्म उपद्रो गरिरहन्छन् । परिणती उनीहरूको पतन अनिवार्य हुन जान्छ। लोकतन्त्रले शासकलाई धरातल देखाउँछ। जनता जागेका बेला जतिसुकै शक्तिशाली देखिएका अधिनायकले पनि जनताको सम्प्रभुतालाई बिनासर्त स्वीकार गर्नै पर्ने बाध्यता हुन्छ। लोकतन्त्रमा कुनै व्यक्तिलाई विशेषाधिकार प्राप्त हुँदैन। जनताको सम्प्रभुता भनेको जन चाहना अनुरुप शासन सत्ता सञ्चालन गरिनु हो। जनताका तर्फबाट भनेर अरू कसैले एकलौटी मोजमस्तीका लागि सत्ता कब्जा गर्ने सम्प्रभुता होइन। शासकको 'मत' फगत उत्तम भएर पुग्दैन। उसले वरण गरेको प्रक्रिया, त्यसको गति पनि राम्रो हुनुपर्छ। राम्रो 'परिणाम' दिन झुटा सपना देखाएर पुग्दैन। वर्तमान नेपालको राजनीतिले लोकतन्त्रको मान्यता विर्सन लागेको हो कि भन्ने आशंका जन्मिएको छ। वि सं १९९७ सालमा लोकतान्त्रिक शासन सत्ताका लागि ज्यान गुमाएका चार शहीदले देखेको सपना अहिलेका सत्ताभोगी नेताको अकर्मन्य कार्यका लागि थिएन। वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यशैलीले त लोकतान्त्रिक आचरण नै सकिएको संकेत गरिरहेको छ।

लोकतान्त्रिक शासन व्यवस्थामा निर्वाचित प्रतिनिधिमाथि समेत निरन्तर निगरानी र अंकुश चाहिन्छ। निर्वाचित हुँदैमा शासकलाई कार्यादेश उल्लंघन गर्ने अनुमति हुँदैन। संविधान मिच्ने छुट रहँदैन। लोकतन्त्र भनेको संविधानको सर्वोच्चता रहेको प्रणाली हो। राज्य सञ्चालनमा कानुनको सर्वोच्चता हुने व्यवस्था नै लोकतन्त्र हो। तर, कथित स्थिरता वा विकासको निहुँमा शक्ति पृथकीकरणका सिद्धान्तको अवहेलना गर्ने महत्त्वाकांक्षी शासकहरूले नागरिक चेतलाई विवेकपूर्ण बनाउनेहरू समाप्त गर्ने सपना पालेका हुन्छन्। गागरिक सचेत गर्नेहरूबारे कपोलकल्पित कथाहरू फिँजाएर आम जनसमुदायमाझ उनीहरूप्रति विकर्षण उत्पन्न गराउने कुचेष्टा गर्छन्। भ्रमको कुहिरोले- नगरिक चेतको जुरमुराहटको सूर्यलाई छोप्ने दुष्प्रयत्न गर्छन्। सत्ताको यस्तो अभ्यास लोकतन्त्र मास्ने हिंसात्मक चालावाजी हो भन्न सकिन्छ। हिंसा प्रतिगमनकारी कार्य हो। निर्वाचन प्रयोजनका बखत होस् वा शासन गर्ने मौका पाएको बखत, हिंस्रक नेतृत्वहरूले साम्प्रदायिक उन्माद जगाएर वर्चस्वशाली वर्गलाई अल्पसंख्यक वा वञ्चित समूहविरुद्ध लगाउने गर्छन्। पछाडि पारिएका समुदायको हित संरक्षण वा सुरक्षा गर्न भने अनिच्छुक एवं उदासीन देखिन्छन्। गत निर्वाचनतिरको ओली राष्ट्रवाद सत्तारोहणको तीन वर्ष नकट्दै संविधानको मूल मर्म विपरितको अलोकतान्त्रिक आचरण सहितको राष्ट्रघाती प्रतिगमनकारी राज्य हिंसा सावित भएको छ।

लोकतन्त्रमा निर्वाचनताका एउटा आम नागरिक पनि अन्तिम र सर्वोच्च अधिकारी हो भन्ने सन्देशले मूर्तरूप पाउने गर्छ। तर हिंस्रक सत्ताले यसलाई छलाङ लगाउने मौका ठान्छ। निर्वाचनको पवित्रताले तिनका लागि कुनै अर्थ राख्दैन। राज्यका अंगहरूमाथि कब्जा जमाउन पुगेको यो जमात फेरि आफूलाई निर्वाचनको हिमायती देखाउन पनि चुक्दैन। नागरिकको सम्प्रभुतालाई व्यवहारमा स्वीकार गरिएन भने शासकद्वारा दिइने 'लोकतन्त्रको दुहाई' अर्थहीन शब्दावली बन्न जाने रहेछ। राज्यको कुनै क्षेत्रमा बसोबास गर्ने समुदाय विशेषलाई योजनाबद्ध तरिकाले मूलप्रवाहीकरणबाट वञ्चित गरिन्छ र त्यही कारण त्यो समुदाय मानव विकास सूचकांकमा पछाडि पर्दै जान्छ भने त्यो पनि हिंसा हो। राज्यबाट गरिएका अलोकतान्त्रिक कृयाकलापले हिंसाको जन्म हुन्छ। लोकतान्त्रिक सत्ता भनेको राष्ट्रलाई जोड्ने सेतु हो तर, ओली सरकार राष्ट्रिय एकता भन्दा अनेकताका लागि तल्लीन छ। प्रधानमन्त्री जस्तो गरिमामय पदमा रहेको व्यक्ति, व्यक्तिगत स्वार्थ पूर्तिको राजनीतिक हिलोमा हराइरहेको दृष्यले लोकतान्त्रिक आचरणलाई सत्ताले बिर्सिसकेको हो ? प्रश्न खडा भइसकेको छ। सत्ता सिद्धान्त होइन व्यवहारमुखी हुनु पर्छ। राजनीति विकृतिका लागि होइन सभ्यताका लागि हो। खै ? ओली सत्ताले राजनीतिको अर्थ बुझेको। उखान मिसिएको भाषणले देश समृद्धितिर गयो त ? सबै नेपालीको एउटै प्रश्न यही हो।

# प्रधानमन्त्रीले नपत्याएको पत्रकारिता



–बिष्णु निष्ठुरी

प्रधानमन्त्री केपी शर्मा ओलीले पत्रकारहरुको क्षमता र अस्तित्वमाथि फेरी एकपटक प्रश्न उठाएका छन्। समाचारमा प्रयोग हुने भाषा आफूलाई मन नपरेको ओलीको भनाईबाट बुझ्न सकिन्छ। उनी समाचारमा पात्रहरुलाई 'तिमी' भनेकामा असन्तुष्ट छन्। पूर्व राजपरिवारका लागि प्रयोग हुने उतिबेलाको अति औपचारिक भाषाको चर्चा गर्दै ओलीले पत्रकारहरुलाई छेडखानी गर्दै 'आफ्नै बाबुआमालाई पनि तपाईं' भन्न नसक्ने बर्गका रुपमा पत्रकारलाई चिनाईरहेका छन्। यतिमात्र होईन प्रधानमन्त्री ओलीले पत्रकारहरु प्रष्टसँग दलीय झुकावअनुसार चिनिनुपर्ने सुझाव पनि दिएका छन्। बिहीबार आफूले नेतृत्व गरिरहेको नेकपा गुटसँग सम्बध्द पत्रकारहरुको सम्मेलनमा प्रधानमन्त्री ओलीले पत्रकारहरु व्यवसायिक रुपमा स्वतन्त्र बस्न नहुने आशयको धारणा राखे।

देशको कार्यकारी प्रमुखले पत्रकारिता व्यवसायको स्वतन्त्र हैसियत र पत्रकारहरुको दलीय असंलग्नतामाथि धावा बोलिरहँदा प्रेस काउन्सील नेपाल र नेपाल पत्रकार महासंघ जस्ता प्रत्यक्ष सरोकारवाला संस्थाको ओठ उघ्रिएको छैन। यो समस्या प्रधानमन्त्री ओलीको मात्र होइन। अघिल्लो दिन नेकपाकै अर्की प्रचण्ड र नेपाल गुटसँग सम्बध्द पत्रकारहरुको भेलामा दुइजना पूर्व प्रधानमन्त्रीहरु पुष्पकमल दाहाल र माधवकुमार नेपालले कार्यकर्ताकै हैसियतमा सम्बोधन गरेका थिए। नेपाली कांग्रेसको पनि पत्रकारहरुको भ्रातृ संगठन नभएको होइन। निर्वाचन आयोगमा दर्ता भएका र अन्य संगठनले पनि आफू निकट सञ्चारकर्मीलाई भ्रातृ संगठन सरहकै दर्जामा राखेका छन्।

यतिबेला परिभाषा बदलिएको छ पत्रकारिताको। हामी कस्तो पत्रकारिता अभ्यास गरिरहेका छौं भनेर समाजको ऐनामा आफ्नो अनुहार हेर्ने हो भने स्पष्ट छैन परिभाषा। हुन त पत्रकारितालाई नै समाजको ऐना भन्ने गरिएको छ। तर समयले अब परिभाषा बदलिदिएको छ। समाजलाई चैं पत्रकारिताले ऐना मान्नुपर्ने अवस्था निर्माण भएको छ। समाज आमूल परिवर्तनको नयाँ पोशाकमा सजिएको छ। पत्रकारिताले भने यो परिवर्तनको आभाससम्म गर्न सकेको छैन। समाजको अडिटिङमा पत्रकारिता पेशा ऋणमा चुर्लुम्म डुबेको देखियो भने अनौठो नमाने हुने तथ्यहरु खडा भैसकेका छन्।

पत्रकारिताका नयाँ माध्यमहरु थपिएका छन्। परम्परागत माध्यम अहिलेको मूलप्रवाहको पत्रकारिताले छोडिसकेको छ। नयाँ माध्यम र नयाँ पुस्ताको सहभागिता बढेसँगै परम्परागत पत्रकारिता अजायव घरको सजावट बनिसकेको छ। नयाँ राजमार्ग बनेपछि बटुवाले बिर्सेको पुरानो बाटो जस्तै बनेको छ परम्परागत पत्रकारिता अर्थात् नेपाली पत्रकारिताको इतिहास अर्थात् पत्रकारिताको प्राथमिक विद्यालय। जे भनेर सम्झिए पनि हुन्छ त्यो गौरवशाली बिगत। तर त्यो पत्रकारिताले पेशाको आधारभूत धर्मको पालना, सम्मान र रक्षा गरेको थियो भनेर आज बिर्सन मिल्दैन। देशमा राजनीतिका अनेक बदलाव भए। उतारचढावको तनावपूर्ण श्रृंखलामा राजनीति छालको गतिमा आयो गयो तर त्यतिबेलाको पत्रकारिताले पेशाको मूलभूत धर्म छोडेका थिएन। त्यो त्यतिबेलाको कुरा भयो।

आजको कथा फरक छ। त्यही कारण परम्परागत पत्रकारिताको इतिहासलाई झलक्क भएपनि सम्झनु परेको हो। हो, आजको पत्रकारिताले आधुनिक माध्यमहरु पाएको छ। व्यवसायिक सञ्चार संस्थाहरु ठडिएका छन्। छापा, टेलिभिजन, रेडियो हुँदै अनलाईन न्यूजपोर्टलहरु पत्रकारिताका सशक्त माध्यम बनेर उदाएका छन्। अनलाईन पत्रकारिता अब नेपाली पत्रकारिताको मूल प्रवाहको नेतृत्व लिने दौडमा छ। अर्थतन्त्रको उन्नतिसँगै संस्थागत सञ्चार उद्योगहरुले आर्थिक समृध्दि पनि हासिल गरेका छन्। अर्थोपार्जनका विकल्पहरु उपलब्ध हुन थालेकाले पत्रकारहरुको संख्या पनि बढेको छ। पत्रकारिता रोजगारीको पेशा पनि हुनसक्छ भन्ने भरोसा र विश्वास देखिएपछि ठूलो संख्यामा पत्रकारहरु जन्मिएका हुन्। संस्था र पेशाकर्मीको संख्या गणना गर्दा दंग पर्ने अवस्था बनेको छ। राजनीतिक परिवर्तनकै प्रतिफल हो यो भन्दा अन्यथा हुने छैन।

तर यति धेरै उपलब्धि हासिल भैसक्दा पत्रकारिता पेशा आफैं भने कुन अवस्थामा बाँचिरहेको छ भन्ने तर्फ ज्यादै थोरै मानिसहरुको ध्यान गएको देखिन्छ। कतै यो होहल्लाको माध्यम मात्रै पो भैरहेको छ कि भनेर सोच्नुपर्ने परिस्थिति सिर्जना भएको देखिन्छ। किन पत्रकारिता यस्तो अवस्थामा रहनुपरेको छ त ?

स्वथ्य र निष्पक्ष पत्रकारितालाई जनमत निर्माणको भरपदी वैकल्पिक माध्यम पनि भन्ने गरिन्छ। यही आधारमा समाजले पत्याएको पनि हो। यो धर्म पालना गर्दासम्म पत्रकारिता भरोसाको पात्र थियो र रहन्छ पनि। तर बितेका केही वर्षहरु यता विश्वासको त्यो पूँजी गुमाउँदै गएको छ पत्रकारिताले।

विश्वास गुमाउनुको पहिलो कारण हो पत्रकार आफैं पत्रकार रहन नसक्नु। व्यवसायिक धर्म पालनाबाट च्यूत हुनु। आफ्नो धरातलमा विश्वास नरहनु र दलीय छातामा ओत लाग्न जानु। दलमात्र होइन दलका गुट र अन्य अनेक भावनात्मक समूहमा भावुकतावश संगठित हुनु। पत्रकारिता पेशा शिथिल हुनुका यी केही मूलभूत कारण हुन्। तीतो लागेपनि सत्य यही हो।

२०४६ सालको राजनीतिक परिवर्तनसँगै पत्रकारिताले दलीय पक्षधरताको फेर समात्न थालेको हो। तैपनि उग्र दलीयकरण भने भएको थिएन। प्रजातन्त्रवादी र वामपन्थी बिचारप्रति झुकाव राख्ने दुइ समूह बैचारिक रुपले संगठित थिए। तैपनि यी दुइ समूहले पत्रकारहरुको पेशागत छाता संगठन नेपाल पत्रकार महासंघलाई साझा थलोको रुपमा बलियो बनाउँदै लगेका थिए। यससँगै पत्रकारिता पेशा बैचारिक रुपमा परिचित भएपनि न्यूनतम मान्यताको लक्ष्मणरेखाभित्रै रहेको थियो। समाज जसरी बिचारले बिभाजित थियो त्यसको प्रत्यक्ष छाँयाँ पत्रकारिताको अनुहारमा पनि परेको थियो। वास्तवमा यो अनौठो बिषय थिएन, त्यस्तो मानिएको पनि थिएन।

अहिलेको कथा-व्यथा अर्कै छ। व्यवसायिक पत्रकारिताको धर्म पूरै नष्ट भयो। बाँकी अब केही पनि रहेन भनेर गालामा हात राखेर धर्धरी रोइहाल्नुपर्ने अवस्था पनि होइन। यो पेशालाई अन्यथा आक्षेप लाग्नबाट बचाएर जोगाएर कर्म गरिहेका धेरै पत्रकारलाई बिर्सन मिल्दैन, सकिँदैन। तर पत्रकारिताको ठूलो जनसंख्या यसरी नै धर्म पालना गरिरहेको छ त ? के हामी पत्रकारहरु यो दावी गर्न सक्छौं ? मूलधारका राजनीतिक दल, क्षेत्रीय दलहरु र अन्य जातजाती, समूदायको अलगअलग पहिचानमा हामी पत्रकारहरु संगठित छैनौं भनेर भन्न सक्छौं त ? यो कसले गरेको विभाजन हो ? यसको नैतिक जिम्मेवारी कसले लिने ? पत्रकारिताको मूल धर्मबाट विचलित भएका सबै पत्रकारको नाकमा झुण्डिएको संगीन प्रश्न हो यो।

राजनीतिक दलहरु पत्रकारलाई पत्रकारका रुपमा चिन्न चाहँदैनन्। यसमा उनीहरुलाई घाटा छ। पत्रकारलाई कज्याउन गाह्रो छ तर कार्यकर्ता त कार्यकर्ता भैहाले। उनीहरुको कान निमोठ्न पनि पाईन्छ र उठबस गराउन पनि सकिन्छ। यसैले उनीहरुको नजरमा पत्रकार भनेका उनका कार्यकर्ता मात्र हुन्। उनीहरु जुन बिचारको पूजा गर्छन्, आरति उतार्छन् र अनुष्ठान गर्छन्, उनका निकट पत्रकार पनि उस्तै हुन् उनीहरुको नजरमा। दलीय चिनारीमा भ्रातृ संगठन बनाएर किन बसेका त पत्रकार ? अझ पार्टीको महाधिवेशनमा भागलिने मतदाताको हैसियत समेत लिएर। कुन दलका छैनन् पत्रकार भ्रातृ संगठन ? यसरी बैचारिक रुपले दलमा एकाकार हुँदा पत्रकारको व्यक्तिगत, पारिवारीक र सामाजिक हैसियत त ह्रष्टपुष्ट हुँदो हो। तर पत्रकारिता पेशा त सुक्दै गएको छ नि ? हेपिँदै पनि त छ। यसको नैतिक जवाफदेहिता र जिम्मेवारी कसैले लिनुनपर्ने ?

यिनै चञ्चल चरीत्रको परिणाम हो पत्रकारिताको परिभाषा बदलियो। समाजले नाक खुम्च्याउन थाल्यो। विश्वासको धरातल हल्लिन थालेको छ। पत्रकारिता भन्दा होहल्ला र चञ्चलताले बजार पिटेको छ। अदृश्य स्रोतहरु काँचका शिशामा लोभिन थालेका छन्। टेलिभिजनका सुकिला कार्यालय खुल्न थाले कर्पोरेट हैसियतमा। जागिर खुल्यो भाउ बढ्यो पत्रकारको। तर मूल्य किन घटिरहेको छ पत्रकारिता पेशाको। अहिलेको मुख्य प्रश्न हो यो।

स्थिरताको राजनीतिक सिरियल धानीरहेको नेपालमा फेरि पनि यो दोहोरिन थालेको छ। प्रतिनिधिसभा बिघटन भएको छ। भविष्य सबीच्च अदालतको संवैधानिक इजलाशको अधिनमा छ। यही अवसरमा पनि हामीले हाम्रो पेशाको पहिरन श्रृंगार र भावभंगिमा नजिकबाट नियाल्न सक्छौं। हाम्रो पेशाको तराजुको डण्डि कति सोझो छ भनेर अवलोकन गर्ने यो एउटा सुवर्ण अवसर हो। न्यायालयको बिचाराधीन बिषयमा कसरी चलिरहेको छ हाम्रो कलम भनेर बुध्द आँखाले हेर्ने हो भने पत्रकारहरुको पेशागत वस्त्र जोगाउन गाह्रो छ। स्वतन्त्र, तटस्थ र तुलनात्मक रुपमा निष्पक्ष उभिन नसक्दाको परिणाम हो यो भनेर स्वीकार्दा कसैलाई पाप लाग्ने छैन।

नेपाल पत्रकार महासंघ द्यौरालीको पाती चढाईमाग्ने ढुङ्गो शीला हुनुहुँदैन। अभिभावकीय जिम्मेवारी भनेको सदस्यताकै वरिपरी अल्झिनुपर्छ भन्ने सोचाई सही होईन। यो संकीर्ण सोचबाट उठेर पत्रकारिता पेशाको मूल्य, मान्यता र धर्म जोगाउन अनि पालना गराउन पनि महासंघको महत्वपूर्ण दायित्व हुन्छ। यसमा उदासिन हुने छुट छैन महासंघलाई। दलीय गुटबन्दीको संक्रामक भाइरसले आक्रान्त प्रेस काउन्सील नेपाललाई उसको धर्म सम्झाउने, पालना गर्न मद्दत गर्ने र प्रभावकारिता बिस्तार गर्ने काममा पनि महासंघको भूमिका रहन्छ। तर यति नै बेला भने यो परम दायित्व नै अभिभावकविहीन भएको देखिन्छ।

अब यसरी हुँदैन। यहाँ चर्चा गरिएका प्रसंग आजका पत्रकार साथीहरुको रुचिको बिषय हुने छैन। यो सबैलाई पच्ने प्रसंग पनि होइन। तर आफ्नो जीवनलाई पत्रकारिताको करिअरबाट अर्थपूर्ण बनाउँछु भनेर चट्टान जस्तो अठोट गरेर कलम समाएका युवाहरुले यस कुरालाई गम्भीरतापूर्वक मनन गर्नुपर्छ भन्ने मेरा धारणा हो। महासंघका सभा सम्मेलन र अधिवेशनहरुको प्राथमिकतामा कहिल्यै पनि नपर्ने यस्ता व्यवसायिक मूल्यमान्यताको प्रसंगमा युवा पुस्ता संलग्न हुनुपर्छ। अनि मात्र पत्रकारिताको गुम्दै गएको साख बचाउन सकिन्छ। समाजले ऐना मानिआएको पेशा पत्रकारिता फेरि आफ्नो पुरानो पहिचानमा फर्किन सक्छ भन्ने अपेक्षाका साथ यी शब्दहरु लेखिएका हुन्। सर्वविदितै छः करेला तीतो हुन्छ तर स्वास्थ्यवर्ध्दक हुन्छ।

# रक्तदान, अङ्गदान र शरीरदान किन गर्ने ?



–डा.लेखनाथ न्यौपाने

मानिसको शरीरमा यस्ता अङ्ग छन् जो अकी मानिसलाई पनि दान गर्न सकिन्छ। जस्तै मृगौला, आँखा, कलेजोको केही भाग, छाला, फोक्सो आदि जीवन हुँदै दान गर्दा पनि समान्य जीवन यापन गर्न सकिन्छ। र सामान्य जीवनमा यसले कुनै ठूलो प्रभाव पर्दैन। यसरी नै यी अङ्ग मृत्युपछिको निश्चित समयसम्म पनि सहजै दान गर्न सकिन्छ। अङ्गदान गर्दा कुनै नोक्सानी नहुनु र शरीर आखिर ढडाउनु पर्ने या गाढ्नु पर्ने हुँदा मृत्य अघि नै दान गरियो भने अरुको जीवन बच्छ। यो जति ठूलो दान अरु के हुनसक्छ र ? त्यसैले अरु केहि नभए पनि अङ्गदन र रक्तदान गरौं र मानवताको परिचय दिउँ अनि अरुलाई पनि यस्तो पुण्य कार्यमा लाग्न प्रेरित गरौं।

मानिस सृष्टिको सबैभन्दा राम्रो रचना हो। मानिससँग भएको दिमागको उपयोगले आज संसार कहाँबाट कहाँ पुगिसक्यो हामीले देखिरहेका छौ। मानिसको स्वभावले नै सामाजिक प्राणी हो। ऊ समाजमा रहेर केही गर्न अनि सहयोगी भावनामा रमाउँन चाहन्छ। एकले अर्काको सहयोग र सदभाव कायम गर्नु नै उसको परिचय हो। हो, यही परिचयभित्र पर्छ रक्तदान, अङ्गदान र शरीरदान पनि।

हामी कसैको अभरलाई पैसा या अन्न आदि दिएर सहयोग गर्छौ। त्यसरी नै शरीर विरामी भएका बेलामा औषधीमूलोको आवश्यकता पर्छ। कुनै कुनै विरामीलाई रगत दिइरहनु पर्ने या अङ्ग नै बिग्रएमा फेर्नु पर्ने हुन्छ। आजको विज्ञानले मानिसको अङ्ग अकी मानिसको शरीरमा प्रत्यारोपण गर्नसक्ने भएको छ। सर्वप्रथम त हामीले यो वुझ्नु जरुरी छ कि हाम्रो शरीरमा रहेको रगतको अधिकतम आयु मात्रै १२० दिन हुन्छ। यो भन्दा वढी दिन नरहने र मर्छ। यसको ठाउँमा नयाँ रगतको जन्म या निर्माण हुने हुँदा हरेक दिन हाम्रो शरीरबाट लाखौ रक्तकोषहरु मरिरहेका हुन्छन् र त्यतिकै संख्यामा जन्मिरहेका हुन्छन्। हो, रक्तदान गर्दा पनि तिनै कोषहरुको समुह दान गरिने हो केहि समयपछि मर्छन र अरु जन्मिरहन्छन्। रक्तदानले शरीरलाई केहि पनि असर गर्दैन बरु रक्तदानबाट बोनम्यारो झनै सक्रिय हुन्छ र अझ राम्रो रगतको जन्म हुन्छ। मात्र केहि दिन थोरै वढी झोल खानेकुरा खानु पर्ने बाहेक अरु केहि असहज हुँदैन। त्यसैले पनि रक्तदान गर्नु सबैभन्दा सहज र परोपकारी कार्य हो। रक्तदान गर्नाले तपाइको रगत कुनै ज्यान जोखिममा परेकाले लिने हुँदा उसको जीवन बच्छ। यो सामान्य कार्यबाट कत्रो ठूलो उपकार भयो त ? हामी आफै महशुस गर्न सक्छौ। तपाइको सानो सहयोगले कसैले जीवन बच्छ र जीवन सहज हुन्छ भन्ने कुरा सुन्न पाउँदा तपाईमा कति धेरै खुसी र आनन्द आउँछ, आफै कल्पना गर्नुहोस।

रक्तदानबाट तपाईको शरीरमा अप्रत्यक्ष रुपमा फाइदा पनि भइरहेको हुन्छ। एक त तपाई आफु खुसी र सन्तुष्ट भएको महशुस गर्नुहुन्छ। यसले तपाईमा भएका सानातिना रोग निको हुन्छन्। एलर्जी जन्य रोग भए कम हुन्छन्। शरीर फूर्तिलो हुन्छ। सामाजिक काममा मन लाग्छ। सहयोगी भावना वढेर जान्छ। महिलाहरुमा मासिकश्रावमा हुने पेट दुखाइमा कमी आउँछ। खान रुच्छ। राम्रो निद्रा आउँछ। तनाव कम हुने लगायता अन्य धेरै फाईदा रक्तदानबाट उठाउन सकिन्छ।

हामी कसैको अभरलाई पैसा या अन्न आदि दिएर सहयोग गर्छौ। त्यसरी नै शरीर विरामी भएका बेलामा औषधीमूलोको आवश्यकता पर्छ। कुनै कुनै विरामीलाई रगत दिइरहनु पर्ने या अङ्ग नै बिग्रएमा फेर्नु पर्ने हुन्छ। आजको विज्ञानले मानिसको अङ्ग अकी मानिसको शरीरमा प्रत्यारोपण गर्नसक्ने भएको छ। सर्वप्रथम त हामीले यो वुझ्नु जरुरी छ कि हाम्रो शरीरमा रहेको रगतको अधिकतम आयु मात्रै १२० दिन हुन्छ। यो भन्दा वढी दिन नरहने र मर्छ। यसको ठाउँमा नयाँ रगतको जन्म या निर्माण हुने हुँदा हरेक दिन हाम्रो शरीरबाट लाखौ रक्तकोषहरु मरिरहेका हुन्छन् र त्यतिकै संख्यामा जन्मिरहेका हुन्छन्। हो, रक्तदान गर्दा पनि तिनै कोषहरुको समुह दान गरिने हो केहि समयपछि मर्छन र अरु जन्मिरहन्छन्। रक्तदानले शरीरलाई केहि पनि असर गर्दैन बरु रक्तदानबाट बोनम्यारो झनै सक्रिय हुन्छ र अझ राम्रो रगतको जन्म हुन्छ। मात्र केहि दिन थोरै वढी झोल खानेकुरा खानु पर्ने बाहेक अरु केहि असहज हुँदैन। त्यसैले पनि रक्तदान गर्नु सबैभन्दा सहज र परोपकारी कार्य हो। रक्तदान गर्नाले तपाइको रगत कुनै ज्यान जोखिममा परेकाले लिने हुँदा उसको जीवन बच्छ। यो सामान्य कार्यबाट कत्रो ठूलो उपकार भयो त ? हामी आफै महशुस गर्न सक्छौ। तपाइको सानो सहयोगले कसैले जीवन बच्छ र जीवन सहज हुन्छ भन्ने कुरा सुन्न पाउँदा तपाईमा कति धेरै खुसी र आनन्द आउँछ, आफै कल्पना गर्नुहोस।

यसरी नै कस्ता कस्ता मानिसले रक्तदान गर्न सकिन्छ भन्ने प्रश्नमा यस्तो छ पछिल्लो अध्ययन। १६ वर्ष नाघेका र ७० वर्ष नकाटेका जो कसैले पनि रक्तदान गर्न सकिन्छ। शरीरको वजन सामान्य भन्दा कम भएका, रक्तचाप धेरै कम भएका र विरामी बाहेकले रगत दिन मिल्छ। उच्च रक्तचाप र मधुमेह या थाइराइड रोगी भए पनि यदि सबै सामान्य अवस्थामा भए दिन सकिन्छ। अझ उच्च रक्तचाप हुन खोजेको अवस्थामा हुनेहरुले हरेक ९० दिनको अन्तरमा रक्तदान गर्दा, सोही अनुसारको व्यायम र परहेज गरेमा रक्तचाप नियन्त्रणमा रहन पनि सक्छ। रगतमा संक्रमण भएका मानिसले भने रक्तदान गर्नु हुदैन। जस्तै एचआइभी, यौनरोग, हेपाटाइटिस बी या सी भएका या अन्य केहि रोगीले रगतमा संक्रमण देखापरुन्जेल दियो भने रगत लिने मानिसलाई पनि सर्ने हुँदा दिनु हुदैन। रगत विभिन्न रक्त समुहको हुन्छ। जसलाई ब्लड ग्रुप भनिन्छ। जुनसुकै रक्त समुह भएकाले पनि रक्तदान गर्न सकिन्छ। अझ कमै मात्र मानिसमा हुने रक्त समुहको रक्तदान जस्तै ओ ग्रुप या कुनै पनि नेगेटिभ ग्रुप भएकाले त रक्तदान गर्दा झनै महत्वपूर्ण हुन्छ। रक्तदान गर्न मात्र उच्च मनोवलको आवश्यकता पर्छ।




यसरी नै अङ्गदान अर्की महत्वपूर्ण दान हो। मानिसको शरीरमा यस्ता अङ्ग छन् जो अर्की मानिसलाई पनि दान गर्न सकिन्छ। जस्तै मृगौला, आँखा, कलेजोको केही भाग, छाला, फोक्सो आदि जीवन हुँदै दान गर्दा पनि समान्य जीवन यापन गर्न सकिन्छ। र सामान्य जीवनमा यसले कुनै ठूलो प्रभाव पर्दैन। यसरी नै यी अङ्ग मृत्युपछिको निश्चित समयसम्म पनि सहजै दान गर्न सकिन्छ। अङ्गदान गर्दा कुनै नोक्सानी नहुनु र शरीर आखिर ढडाउनु पर्ने या गाढ्नु पर्ने हुँदा मृत्य अघि नै दान गरियो भने अरुको जीवन बच्छ। यो जति ठूलो दान अरु के हुनसक्छ र ? त्यसैले अरु केहि नभए पनि अङ्गदन र रक्तदान गरौं र मानवताको परिचय दिउँ अनि अरुलाई पनि यस्तो पुण्य कार्यमा लाग्न प्रेरित गरौं। यसरी नै शरीरदान भनेको मृत्यु पश्चात आफ्नो शरीर जलाउने या गाड्ने नभई डाक्टर बन्नेहरुका लागि सिक्न र मानिसको शरीरको संरचनाका बारेमा थप अध्ययन अनुसन्धानमा उपयोगी हुन्छ। यो पनि अप्रत्यक्ष दान मानिन्छ। त्यसैले यदि हामी आर्थिक सहयोग या दान गर्न सक्दैनौं भने पनि शरीरमा रहेका माथि भनिएका वस्तुको दान गरेर पनि पुण्य कमाउन र आफु खुसी र स्वस्थ रहन सकिन्छ।

(लेखक : रीता होमियो क्लिनिक दमकका सञ्चालक पनि हुन्।)

साहित्य खेलकुद मनोरञ्जन स्वास्थ्य

# कोभिड-१९ विरुद्धका खोप : नेपालका लागि कुन उपयोगी




**–डा लोकबहादुर श्रेष्ठ**

विश्वभर करोडौंलाई संक्रमित र लाखौंको ज्यान लिइसकेको कोभिड-१९ महामारी रोकिने संकेत अहिलेसम्म देखिएको छैन । तर सन् २०२० को अन्त्यतिर आएर विश्वले राहतको श्वास फेर्ने मौका पायो । विश्वका केही कम्पनीले कोभिड-१९ विरुद्धको खोप तयार पारेका समाचारहरु सनिए । त्यति मात्र होइन, केही कम्पनीले परीक्षणका सम्पूर्ण चरण समेत पार गरेर उत्कृष्ट नतिजाहरु हात पार्न सफल भए । साधारणतयाः कुनै भ्याक्सिन बन्न करिब १० देखि १५ वर्ष लाग्ने भए तापनि कोरोना भाइरस विरुद्धको भ्याक्सिन १ वर्ष नपुग्दै निर्माण भएर जनतासम्म आइपुग्नु विज्ञानको निकै ठूलो चमत्कार मान्नु पर्छ ।

विश्वभरका वैज्ञानिकहरु लागि पर्नु, पछिल्लो दशक जीवविज्ञान क्षेत्रमा ठूलो फड्को मारेर उत्कृष्ट प्रविधिहरुको आविष्कार हुनु, विश्वविद्यालय, रिसर्च सेन्टर र औषधि उत्पादक कम्पनीहरुबीच सहकार्य हुनु, सरकार र संघ संस्थाहरुले हृदयदेखि आर्थिक सहयोग गर्नु, यी सबै कुराहरुको तालमेल मिलेको हुनाले यति छोटो समयमा भ्याक्सिन बन्न सफल भएको हो । आजको दिनसम्म करिब ६० देशमा भ्याक्सिन प्रयोग सुरु भइसकेको छ ।

नेपालमा पनि २०७७ साल माघ ८ गतेका दिन भारत सरकारको अनुदान स्वरुप १० लाख डोज कोभिसिल्ड भ्याक्सिन भित्रिएको छ । यसै सन्दर्भमा विभिन्न खोपका बारेमा संक्षिप्त जानकारीका साथै नेपालको सन्दर्भमा कुन भ्याक्सिन उपयुक्त छ भन्ने कुराको चर्चा गरिएको छ ।

**फाइजर बायोन्टेक कोभिड-१९ भ्याक्सिन**

संयुक्त राज्य अमेरिकाको फाइजर र बायोन्टेक कम्पनी मिलेर निर्माण गरेको यो भ्याक्सिन विश्वमै पहिलो पटक प्रयोगमा आएको एम-आरएनए प्रविधिमा आधारित छ । यो आनुवंशिक तत्वमा नवशरीरमा प्रवेश गरेपछि भाइरसको प्रोटिन बनाउँछ, जसको विरुद्ध मानव शरीरमा एन्टिबडी बन्छ । त्यही एन्टिबडीले हामीलाई कोरोना भाइरसबाट बचाउँछ । यो प्रविधिको विकास विज्ञानको ठूलो फड्को सावित भएको छ । करिब ४३ हजार जनामा गरिएको परीक्षणमा यो भ्याक्सिन ९५ प्रतिशत प्रभावकारी पाइएको छ । संयुक्त राज्य अमेरिकाको फुड एन्ड ड्रग एडमिनिस्ट्रेसन एजेन्सीले सन २०२० को डिसेम्बर ११ का दिन आपतकालीन प्रयोगको लागि अनुमति दिएको यो भ्याक्सिनलाई विश्व स्वास्थ्य संगठनले पनि डिसेम्बर ३० का दिन अनुमति प्रदान गर्‍यो । यो भ्याक्सिन कोभिड-१९ विरुद्ध प्रयोगको अनुमति पाउने पहिलो भ्याक्सिन बन्न पुग्यो ।

संयुक्त राज्य अमेरिका, बेलायत, बेलि्जयम र क्यानडाका साथै विश्वका विभिन्न मुलुकमा यो भ्याक्सिन प्रयोगमा आइसकेको छ । प्रभावकारिता उत्कृष्ट भए पनि यो भ्याक्सिन माइनस ७० डिग्री तापक्रममा राख्नुपर्ने भएकोले नेपाल जस्तो देशको रोजाइमा पर्दैन । नेपालमा माइनस ७० तापक्रममा डिग्री कायम गर्नसक्ने क्षमता कमै भएकाले कोल्डचेनमा समस्या हुन्छ ।

**मोर्डना भ्याक्सिन**

अमेरिकाको मोर्डना कम्पनीले विकास गरेको यो भ्याक्सिन पनि फाइजर बायोन्टेक जस्तै एम-आरएनए प्रविधिमा आधारित छ । करिब ३० हजार जनामा गरिएको परीक्षणमा यो भ्याक्सिन ९४ प्रतिशत प्रभावकारी पाइएको छ । फुड एन्ड ड्रग एडमिनिस्ट्रेसन एजेन्सीले सन् २०२० को डिसेम्बर १८ का दिन आपतकालीन प्रयोगको लागि अनुमति प्रदान गर्‍यो । अमेरिका, बेलायत र युरोपका विभिन्न देशमा यो भ्याक्सिनको प्रयोग सुरु भइसकेको छ । यो भ्याक्सिन माइनस २० डिग्री तापक्रममा राख्नुपर्ने हुन्छ । नेपाल सरकारले विभिन्न स्थानमा माइनस २० डिग्री तापक्रम भएको भण्डारण केन्द्र बनाउन सुरु गरेकाले यो भ्याक्सिन पनि नेपालको सीमित भूभागमा प्रयोग गर्न सकिन्छ ।

**अक्सफोर्ड एस्ट्रेजेनिका भ्याक्सिन कोभिसिल्ड**

बेलायतको अक्सफोर्ड विश्वविद्यालय र एस्ट्रेजेनिका कम्पनी मिलेर विकास गरेको यो भ्याक्सिनको उत्पादन भने भारतको सिरम इन्स्टिच्युटले गरिरहेको छ । यो भ्याक्सिन कोरोना भाइरसको तत्वलाई अकी निर्जीव भाइरसमा विकास गरिने पुरानै प्रविधिमा आधारित छ । बेलायत र ब्राजिलमा १२ हजार जनामा गरिएको परीक्षणमा यो भ्याक्सिन ६२ देखि ९० प्रतिशतसम्म प्रभावकारी पाइएको छ ।

बेलायतको फुड एण्ड ड्रग एडमिनिस्ट्रेसन एजेन्सीले ३० डिसेम्बर २०२० का दिन आपतकालीन प्रयोगको लागि अनुमति दिएको थियो । यो भ्याक्सिनलाई भारत सरकारले १ जनवरी २०२१ का दिन अनुमति प्रदान गरेको थियो भने नेपाल सरकारले पनि १५ जनवरी २०२१ का दिन अनुमति प्रदान गर्‍यो । यो भ्याक्सिन २-८ डिग्री तापक्रममा राख्न सकिने भएकाले फाइजर बायोन्टेक र मोर्डना भ्याक्सिनजस्तो कोल्डचेनमा समस्या हुँदैन । छिमेकी मुलुक भारत पनि साझेदार रहेको यो भ्याक्सिन सन् २०२१ को अन्त्यसम्ममा ३ अर्ब डोज उत्पादन गर्न सकिने कम्पनीले जनाएको छ । भारतमा यो भ्याक्सिन धमाधम प्रयोग भइरहेको छ ।

**स्पुटनिक भी भ्याक्सिन**

यो भ्याक्सिनलाई रुस सरकारले सुरुवाती दिनहरुमा विश्वकै पहिलो कोभिड-१९ विरुद्धको भ्याक्सिन भनेर प्रचार गरेको थियो । तथ्यांकहरु पर्याप्त नभएकोले विश्वका नियामक संस्थाहरुले अनुमति नदिएको भए पनि यो भ्याक्सिन रुस, अर्जेन्टिना, बेलारुसका साथै विश्वका विभिन्न मुलुकमा यो भ्याक्सिन प्रयोगमा आइसकेको छ । पुरानै प्रविधिमा आधारित यो भ्याक्सिनको पहिलो र दोस्रो चरणको परीक्षणको नतिजा राम्रो भए तापनि तेस्रो चरणको परीक्षण पूरा भएको छैन । रसिया सरकारले नेपाललाई २.५ करोड डोज भ्याक्सिन उपलब्ध गराउने जानकारी दिएको छ । यो भ्याक्सिन पनि २-८ डिग्री तापक्रममा राख्न सकिने भएकाले कोल्डचेनमा समस्या हुँदैन । तेस्रो चरणको परीक्षण पूरा नभएको कारण यो भ्याक्सिन अहिले नै भित्र्याउनु बुद्धिमानी हुँदैन ।

**साइनोफार्म भ्याक्सिन**

चीनमा विकास भएको साइनोफार्म भ्याक्सिन पनि कोभिड-१९ विरुद्धको भ्याक्सिनको क्षेत्रमा अगाडि रहेको छ । यो भ्याक्सिन कोरोना भाइरसलाई नै निर्जीव बनाएर पुरानै प्रविधिवाट तयार गरिएको हो । कम्पनीका अनुसार भ्याक्सिनको प्रभावकारिता ७९ प्रतिशत रहेको जनाइएको छ । विभिन्न देशमा भएका परीक्षणहरुमा यसको प्रभावकारिता ६० देखि ८६ प्रतिशतसम्म पाइएको छ । यो भ्याक्सिनले चीन लगायत पाकिस्तान, पेरु, अर्जेन्टिना जस्ता देशमा परीक्षणका साथै आपतकालीन प्रयोगको लागि पनि अनुमति पाइसकेको छ । यो भ्याक्सिन पनि २-८ डिग्री तापक्रमा राख्न सकिने भएकाले नेपालको निम्ति उपयुक्त हुनसक्छ ।

**कोभ्याक्सिन**

भारतको भारत बायोटेक कम्पनीले विकास गरेको भ्याक्सिनको पनि सुरुवाती नतिजा उत्साहजनक छ । तेस्रो चरणको परीक्षण पूरा नगरी भारत सरकारले ३ जनवरी २०२१ का दिन आपतकालीन प्रयोगको लागि अनुमति दिएको थियो । समय अगावै अनुमति दिएकोले भारतकै वैज्ञानिकहरु पनि सरकार र भारत बायोटेक कम्पनीको यो कदमको विरोध गरिरहेका छन् । कम्पनीका निर्देशकले भने आफूहरुले सम्पूर्ण प्रक्रिया पूरा गरेको र तेस्रो चरणका नतिजा पनि यही महिना भित्रमा आइसक्ने बताएका छन् ।

–स्वास्थ्य खवर

# कोरोना विरुद्धको खोप अभियान: टिचिङ अस्पतालमा

**–रिता लम्साल**

काठमाडौं- त्रिवि शिक्षण अस्पताल परिसरमा रहेको मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरको नयाँ भवनलाई खोप केन्द्र बनाइएको थियो । बुधबार बिहान ८ बजेदेखि नै खोप केन्द्र तोकिएको भवन परिसरमा स्वास्थ्यकर्मीहरु खोप अभियानको तयारीमा जुटेका थिए । त्रिवि शिक्षण अस्पतालमा बुधबार ३ सय जना जनालाई खोप लगाउने योजनाका साथ तयारी भइरहेको थियो । मनमोहन सेन्टरको नयाँ भवनको बाहिर खोप लगाउने व्यक्तिका लागि खोप मन्जुरीनामा राखिएको थियो । टिचिङ अस्पतालमा पहिलो खोप लगाउने तयारीमा अस्पतालका कार्यकारी निर्देशक प्राध्यापक डाक्टर दिनेश काफ्लेले लगाउने तय भइसकेको थियो । डा काफ्लेले खोप केन्द्रको बाहिर राखिएको खोपकार्ड लिएर मन्जुरीनामामा हस्ताक्षर गर्दै भने, 'ल हामी पनि मञ्जुरीनामा भरौं, खोप लगाउनुपर्छ । डा काफ्लेले खोप कार्ड लिएर भरेपछि अन्य चिकित्सकहरुले



पनि लाइनमा बसेर खोप कार्ड लिन थाले । भवनको अन्डरग्राउण्डको एउटा ठूलो हलमा दुई ठाउँमा खोप लगाउने ठाउँ बनाइएको थियो। टिचिङका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई खोप दिन नर्सिङ स्टाफ पिपिइ, मास्क, पञ्जा, भाइजर सहित तयारी अवस्थामा बसेका थिए ।

खोप लगाइसकेका व्यक्तिहरुका लागि आराम गर्न एउटा कोठामा केही कुर्सीहरु राखिएको थियो । यस्तै खोपको प्रयोगबाट कसैलाई जटिल खालको स्वास्थ्य समस्या देखिएमा उनीहरुलाई अब्जरभेसनमा राख्नका लागि वेड तथा स्वास्थ्य सामाग्रीहरु सहितको दुईवटा कोठा तयारी अवस्थामा राखिएको थियो । खोप लगाएका व्यक्तिमा स्वास्थ्य समस्या देखिएमा उनीहरुको निगरानी गर्न अस्पतालका क्रिटिकल केयर युनिटका इन्चार्ज डाक्टर सुवास आचार्य सहितको टोली खटिएको थियो ।

'खोप लगाएका स्वास्थ्यकर्मीलाई खोपको नकारात्मक असर देखिन सक्ने भएकाले यही तयारीमा लागिरहेको छु, डा आचार्यले स्वास्थ्यखबरसँग भने, 'कसैलाई कुनै समस्या नदेखियोसे, यही कामना गरिरहेको छु ।'

प्रधानमन्त्री केपी शर्मा ओलीले भर्चुअल रुपमा खोप अभियान शुभारम्भ भएको घोषणा गरेपछि त्रिवि शिक्षण अस्पतालले पनि खोप लगाउन सुरु गर्ने तयारी गरिएको थियो । प्रधानमन्त्रीले भर्चुअल रुपमा सुरु गर्ने खोप अभियानमा सहभागी हुन क्यामेरा र प्रोजेक्टर सहितका सामाग्रीहरु खोप लगाउने स्थानको अगाडी राखिएको थियो खोप अभियान सुरु गर्नुअघि अस्पतालका निर्देशक तथा विभागीय प्रमूखहरुले खोप लगाइदिन खटिएका स्वास्थ्यकर्मीसँग सामुहिक तस्बिर खिचाए । करिब सवा १० बजे बालुटारबाट खोप अभियान शुभारम्भ कार्यक्रम शुरु भयो । प्रधानमन्त्री केपी शर्मा ओलीले खोप अभियान शुभारम्भ भएको घोषणा गरेपछि अस्पतालका कार्यकारी निर्देशक डाक्टर दिनेस काफ्लेले पहिलो खोप लगाए, अन्य चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले

बाँकी पृष्ठ ६ मा












# प्रदेश एकका मुख्यमन्त्री राई : बिबाह बन्धनमा

काडमाण्डौं । प्रदेश १ का मुख्यमन्त्री शेरधन राई आईतबार विवाह बन्धनमा बाँधिएका छन् । काठमाडौंको एलिस पार्टी प्यालेसमा सिमित पार्टीका नेता र आफन्तबिच राईले जाङ्मु शेर्पासँग विवाह गर्न लागेका हुन् । ४९ वर्षीय राईले आफूभन्दा दोब्बर कम उमेरकी २३ वर्षिया मोडल शेर्पालाई जीवनसाथी रोजेका हुन् । उनीहरू केही समयदेखि प्रेम सम्वन्धमा थिए । विवाहमा बेहुला र बेहुली किराँती समुदायको मौलिक तथा परम्परागत भेषभुषामा सजिएका छन् । परम्परागत विधिबाट विवाह सम्पन्न भएको छ ।

जाङ्मु संखुवासभाकी हुन् । उनी हाल काठमाडौंमा हजुरआमासँग बस्दै आएकी छन् । उनका बाबु-आमा भने अमेरिकामा छन् । प्रारम्भीक शिक्षा काठमाडौंको अल्पाइन् भ्याली स्कुलबाट पुरा गरेकी उनले हिमालयन इन्टर मोडलबाट उच्च शिक्षा लिएकी हुन् । १३ वर्षको उमेरमा 'मिस किड क्विन नेपाल' मा भाग लिएकी उनले त्यसलगत्तै उनले विभिन्न ब्युटी प्याजेन्टमा सहभागी हुँदै मिस मंगोल नेपालको उपाधि जितेकी थिइन् । मिस ई कलेज, मिस एसएलसी हुँदै



'मिस मंगोल नेपाल-२०१८' को उपाधि जितेसँगै चर्चामा आएकी ज्याङ्मुले विभिन्न म्यूजिक भिडिओमा अभिनयसमेत गरेकी छन् ।

मुख्यमन्त्री राईको पुखौली घर भोजपुर हो भने भोजपुरको दक्षिणी क्षेत्रमा पर्ने आमचोक गाउँपालिका(३ मा वुवा जागीरमान राई र आमा राम्रीमाया राईको कोखबाट २०२७ साल फागुन ११ गते शेरधन राईको जन्म भएको थियो २०४४ सालदेखि संगठित रुपमा अनेर ास्ववियुको राजनीतिमा सक्रिय भएका राई अखिलको जिल्ला अध्यक्ष, केन्द्रीय सदस्य हुँदै पूर्वाञ्चलको संयोजक बने । २०५४ सालमा एमाले विभाजन पछि जिल्लामा पार्टीको नेतृत्व सम्हाल्नेका उनी जिल्लामा एमालेको शक्तिशाली नेता बने । २०५६ सालको संसदीय निर्वाचनमा राई कान्छो उम्मेदवारको रुपमा सांसद बने । २०६४ सालको संविधानसभाको पहिलो निर्वाचनमा पराजित राई दोस्रो संविधानसभा विजयी राईले संसदको सुशासन तथा अनुगमन समितिको सभापति भएर काम गरे । दोस्रो संविधानसभा सदस्य भएकै बेला राई पहिलो पटक सूचना तथा सञ्चार मन्त्री भए । मुलुककै कान्छो सांसद बनेर राजनीतिमा छलाङ मारेका राईले २०७४ सालसम्म आइपुग्दा संघीय मुलुकको प्रदेश १ को पहिलो मुख्यमन्त्री बनेका थिए ।

(तस्बीर : ध्रुव सुबेदी)

# भापामा निर्वाचनको तयारी शुरु

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । झापामा बैशाख १७ , २७मा हुने भनिएको निर्वाचनकालागि तयारी कार्य शुरु भएकोछ । शुक्रबार प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकले, गत निर्वाचनमा तोकिएका निर्वाचन केन्द्र र स्थललाइ



संशोधन गरेको छ भने यता जिल्ला निर्वाचन कार्यालय झापाले आइतबार स्थानीय तहबाट सहायक नाम दर्ता अधिकारी नियुक्ति गरी अभिमुखीकरण तालिम प्रदान गरेको छ ।

निर्वाचन तोकेसँगै कार्यालयले मतदाताको नामावली सङ्कलन तथा अद्यावधिक गर्न र सोका लागि आवश्यक अन्य सबै काम गर्नका लागि प्रत्येक पालिकाबाट तोकिएका नाम दर्ता अधिकारीहरुलाई व्यवस्थित र मर्यादित तरिकाले काम गराउन एक दिवसीय अभिमुखीकरण तालिम प्रदान गरेको हो ।

तालिमको उद्घाटन गर्दै सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण शाहीले उनीहरुलाई काम, कर्तव्य र अधिकारभित्र रहेर आयोगको निर्देशनमा काम गर्न आग्रह गर्दै ऐन र नियमावली बमोजिम काम भए नभएको निरीक्षण तथा अनुगमन गरिने बताए ।

जिल्ला निर्वाचन कार्यालय झापाका निर्वाचन अधिकारी तुलसी कुमार नेपालले उनीहरुलाई तालिममा मतदाता नामावलीमा नाम समावेश हुन योग्यता पुगेका व्यक्तिको फोटोसहितको मतदाता नामावली प्रारम्भ, मुत्यु भएका मतदाताहरुको नामवली सूचीबाट हटाउनेलगायतका कार्यहरु सिकाईने बताए । जिल्लाका १५ वटै पालिकाबाट एक/एक गरी १५ जनाको उपस्थिति रहेको तालिममा निर्वाचन अधिकारी नेपाल, सहायक प्रजिअ शाही र प्राविधिक विषयमा प्रेम न्यौपाने, मोहन भट्टराईलगायतले सहजीकरण गरेका थिए ।

विगतमा झापामा २८३ मतदान स्थल र ६९२ मतदान केन्द्र रहेकोमा यसपालि तीन वटा मतदान स्थल र दुई मतदान स्थललाई गाँभेर एक बनाउनका लागि स्थानीतह, राजनीतिक दलहरुको आग्रहमा जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिले केन्द्रमा सिफारिस गरेको निर्वाचन अधिकारी नेपालले बताए ।

# राजवंशी महिला श्रमिकहरुलाई प्रशिक्षण

– **सन्दर्भ समाचारदाता**

बिर्तामोड । निर्माण क्षेत्रमा ठूलो सँख्यामा कार्यरत राजवंशी महिला श्रमिकहरुको सशक्तिकरणका लागि बिर्तामोडमा पहिलोपटक प्रशिक्षण आयोजना गरिएको छ । राजवंशी समाज विकास समिति बिर्तामोड ५ को वडा समितिले आजदेखि दुईदिने सो प्रशिक्षण संचालन गरेको हो । लेवर काम गर्ने राजवंशी महिला श्रमिकहरुलाई लक्षित गरी पहिलोपटक प्रशिक्षण संचालन गरिएको राजवंशी समाज विकास समिति बिर्तामोड ५ की अध्यक्ष रुपा राजवंशीले बताइन् । प्रशिक्षणमा बिर्तामोड नगरपालिका ५ नं वडा कार्यालयको सहयोग तथा साना निर्माणकर्मी संघको सहकार्य रहेको छ । असंगठित र अव्यवस्थित रुपमा ठूलो सँख्यामा निर्माण क्षेत्रमा रहेका आदिबासी राजवंशी महिला श्रमिकहरुको अबस्थाका बारेमा जानकारी लिई उनीहरुलाई स्तरीकरण गर्ने उद्धेश्यले कार्यक्रम संचालन




गरिएको अध्यक्ष रुपाले बताइन् ।

राजवंशी समाज विकास समिति बिर्तामोड ५ की अध्यक्ष रुपाको अध्यक्षतामा भएको कार्यक्रममा राजवंशी समाज विकास समिति बिर्तामोडका अध्यक्ष जितलाल राजवंशी , बिर्तामोड नगरपालिकाका कार्यपालिका सदस्य सुरेन राजवंशी ,साना निर्माणकर्मी संघका अध्यक्ष राजु राजवंशी , नेपाल उद्यमशील महिला संघकी अध्यक्ष पार्वता विमली , न्यूटन्स टोल विकास संस्थाका अध्यक्ष लवकुमार चौधरीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । राजवंशी समाज विकास समिति बिर्तामोड ५ की उपाध्यक्ष विनु राजवंशीले स्वागत मन्तव्य राखेको कार्यक्रमको उद्धेश्यमाथि प्रतिदिन दैनिकका सम्पादक इन्द्रसिंह राजवंशीले प्रकाश पारेका थिए । कार्यक्रमको संचालन कोषाध्यक्ष अन्जु तिमल्सिना राजवंशीले गरेकी थिइन् । कार्यक्रमको पहिलो दिन जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयका प्रमुख कृष्णप्रसाद राजवंशीले सहजीकरण गरेका छन् । त्यस्तै दोस्रो दिन साना निर्माणकर्मी संघका प्रमुख सल्लाहकार कृष्ण भट्टराईले सहजीकरण गर्ने कार्यक्रम रहेको आयोजक समितिले जनाएको छ । कार्यक्रममा बिर्तामोड ५ का २० जना राजवंशी महिला निर्माण श्रमिकहरुको सहभागिता रहेको छ । बिर्तामोड क्षेत्रमा ५ हजारको सँख्यामा आदिबासी महिला निर्माण श्रमिकहरु रहेको जनाइएको छ ।

# युवा तथा राजनीतिक दलका कार्यकर्ताको प्रदर्शन

– **सन्दर्भ समाचारदाता**

मेचीनगर । संसद् पुर्नस्थापनाको माग गर्दै युवा तथा राजनीतिक दलका कार्यकर्ताहरुले आज झापाको काँकरभिट्टामा नागरिक प्रदर्शन निकालेका छन । प्रधानमन्त्री केपी ओलीले प्रतिनिधिसभा भंग गरेपछि राजनीतिक दलहरु एक्ला एक्लै आन्दोलनमा होमिएका बेला काँकरभिट्टामा 'सर्वदलीय आन्दोलन'को झल्को दिने गरि प्रर्दशन गरेको हो ।प्रदर्शनमा सहभागीहरुले बजार परिक्रमा गर्दै प्रतिगमनको विरोधमा नारा लगाएका थिए ।

प्रदर्शनपछि आयोजित सभाका वक्ताहरुले प्रदर्शनलाई ओलीतन्त्रविरुद्ध झापाबाट सुरु भएको नागरिक आन्दोलनको संज्ञा दिएका थिए। प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटन गरेर प्रतिगनमकारी कदम चालेको वक्ताहरुको आरोप थियो । प्रदर्शनमा रिडर्स झापाका अगुवाहरु, नेकपाको प्रचण्ड माधव नेपाल समूहका नेता, नेपाली कांग्रेसका नेता, जनता समाजबादी पार्टीका नेता, सामाजिक संघ संस्थाका अगुवा, पत्रकार, लेखक, साहित्यकारलगायत विभिन्न पेशाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो। प्रदर्शनको आयोजक सार्वजनिक नगरिए तापनि रिडर्स झापाका केही अगुवाहरुले प्रदर्शनमा सहभागिताका लागि एक दिन अघिदेखि नै सामाजिक सञ्जालमार्फत आह्वान गरेका थिए । आह्वानकर्तामध्येका अगुवा रिडर्स झापाका सागर शिवाकोटीले फेसबुकमार्फत आह्वान गर्दै आन्दोलनमा कुनै पार्टीको झण्डा प्रयोग गर्न नपाइने, कुनै पार्टी विशेषको समर्थन र विरोधमा नारा लगान नपाइने र व्यक्तिगत गाली गलौज प्रतिबन्धित आउन आफुहरु बाध्य भएको बताएकी थिइन् ।नागरिक आन्दोलन प्रति जिल्लास्थित दलहरुको ऐक्यवद्धता रहेको नेकपाका जिल्ला सदस्य एवम् प्रचण्ड नेपाल समूहका नेता डिल्लीराम घिमिरे बताउँछन् । संविधान मिचेर प्रधानमन्त्री ओलीले प्रतिगामी कदम चालेको बताउँदै घिमिरेले संसद् पुर्नस्थापनाका लागि नागरिक समाज आन्दोलित हुनु स्वाभाविक भएको बताएका छन् ।



रहेको जनाएका थिए ।

प्रदर्शनका वक्ता समेत रहेका शिवाकोटीले संसद् विघटन गर्ने प्रधानमन्त्री ओलीको कदम राजनीतिक, संबैधानिक र नैतिक आधारमा प्रतिगामी भएको दावी गरेका थिए ।कार्यक्रममा विद्यार्थी संस्कृति रिजालले लोकतान्त्रिक संविधानलाई कमजोर तुल्याउने प्रवृत्तिका विरुद्ध सडकमा

धुलावारी क्याम्पसका प्रमुख पुष्प पौडेलले सभामा उद्घोषण गरेका थिए भने प्रदर्शनमा नेपाली कांग्रेस झापाका उपसभापति राम कट्टेल, मेचीनगर सभापति इन्द्र बुढाथोकी, जनता समाजबादी पार्टीका केन्द्रीय सदस्य धनप्रसाद गुरुङल, साहित्यकार पुण्यप्रसाद खरेलगायतको सहभागिता रहेको थियो ।

# बालबालिकालाई न्यानो कपडा वितरण

– **सन्दर्भ समाचारदाता**

गौरीगन्ज। गौरीगंज गाउँपालिका वार्ड नं. ५ भित्रका सामुदायिक विद्यालयका ३ सय ४० बालबालिकालाई न्यानो कपडा वितरण गरिएको छ । गौरीगंज गाउँपालिका वार्ड नं. ५ ले वडा भित्रका आदर्श प्रावि हरिरा, तारा प्रावि र जनता बालविकासमा अध्ययनरत बालबालिकालाई बुधबार न्यानो कपडा वितरण गरेको हो ।

गौरीगंज गाउँपालपकाका उपाध्यक्ष तथा शिक्षा समिति संयोजक दिपिन्द्र थापा, वडा अध्यक्ष विजयप्रसाद सिंह गन्गाई, वडा नं. ५ का वडा सदस्य राजेन्द्र ताजपुरिया, शिक्षा



शाखा अधिकृत केशव भट्टराई, वडा सचिव अजाद अन्सारीलगायतले बालबालिकालाई न्यानो कपडा वितरण गरेका थिए ।

वडा कार्यालयले आफ्नो सिलिङ्ग बजेटबाट वार्ड भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकालाई न्यानो कपडाका लागि २ लाख ७५ हजार रूपैयाँ छुट्याएको छ । वडा अध्यक्ष विजयप्रसाद सिंह गन्गाईको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष दिपिन्द्र थापा, वडा सदस्य राजेन्द्र ताजपरिया, शिक्षा शाखा अधिकृत केशव भट्टराई, , वडा सदस्य देवनारायण सिंह गन्गाई, कैलीदेवी ऋषिदेवलगायतको सहभागिता थियो । वडा सचिव अजाद अन्सारीले सञ्चालन गरेको कार्यक्रममा न्यानो कपडा पाउने भएपछि बालबालिकाहरू हर्षित देखिन्थे ।

# गौरीगंज बहुमुखी क्याम्पसमा

# नेविसंघ इकाई समितिको सभापतिमा रोशन यादव

– **सन्दर्भ समाचारदाता**

गौरीगंज । नेपाल विधार्थी संघले



गौरीगंज बहुमुखी क्याम्पसमा इकाई समिति पुनर्गठन गरेको छ । सभापति कृष्ण दास बाबाजीको कार्यब्यस्तताका कारण कार्यबाहक जिम्मेवारी सम्हालेका रोशन यादवलाई ईकाई समितिको सभापति पदमा आज चयन गरिएको हो ।

उनको अध्यक्षतामा ६१ सदस्यीय समिति गठन गरिएको छ । उपसभापतिमा संगीता महतो सचिवमा स्तब हुसैन सह सचिवमा रमेश ताजपुरिया कोषाध्यक्षमा सरिता सिंह र सह कोषाध्यमा सूर्य यादबलाई चयन गरिएको छ । त्यसैगरी सदस्यहरुमा कामेश्वर राजवंशी , अजय कुमार हलुवाई , सुजिता गन्गाई ,ममता राजवंशी , बन्दना दास , अस्मिता यादब , पुष्पा यादब , प्रियंका शाह , राजेस यादब , धीरज महतो , अनिता गिरी , जीवन मेहता , निर्मला महतो ,ईसा शाह , खुसी चौधरी , सुस्मिता दास , प्रगति दास लगायतलाई चयन गरिएको छ ।

रोशन यादबकै सभापतित्वमा सम्पन्न कार्यक्रममा गौरीगंज गाउँपालिका वडा नं. ३ का वडाध्यक्ष मखना महतो, नेबिसंघ झापाका उपसभापति भवानी काफ्ले, नेमसंघका अध्यक्ष हेमा आचार्यलगायतको उपस्थिति थियो । कृष्णदास बाबाजिले स्वागत मन्तब्य राखेका थिए भने कार्यक्रमको सहजिकरण स्ववियु सभापति देब ताजपुरियाले गरेका थिए ।

# छ वटा पालिकामा "अँध्यारोमुक्त" अभियान

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । नेपाल विद्युत प्राधिकरण भद्रपुर वितरण केन्द्रले, झापाका छ वटा पालिकामा "अँध्यारोमुक्त" पालिका बनाउने बनाउने अभियान संचालन गरेको छ । केन्द्रले भद्रपुर नगरपालिका, कचनकबल गाउँपालिका, हल्दिबारी गाउँपालिका र मेचीनगर नगरपालिका, विर्तामोडको आंशिक क्षेत्र र बाह्रदशी गाउँपालिकाको केही वडामा यो अभियान सञ्चालि छन् । अँध्यारोमुक्त अभियान गत वर्षदेखि सञ्चालन गर्दै आएको छ । आगामी एक महिनाभित्र आफ्नो कार्यक्षेत्र भित्रका पालिकाको सबै घरमा विद्युत सुविधा पुगिसक्ने केन्द्रका प्रमुख इन्जिनियर सञ्जीव कुमार साहले बताए । उनले हालसम्म ३० हजार बढी ग्राहकको घरमा विजुली बत्ती पुगिसकेको जानकारी दिए ।



एक बर्षभित्र ६०० भन्दा बढी अति विपन्न परिवारलाई स्थानीय तहको सिफारिसको आधारमा विद्युतको मिटर बक्स निःशुल्क जडान गरिदिएको प्राधिकरणले जनाएको छ । विपन्न समुदायले आर्थिक अभावमा उज्यालोबाट बञ्चित हुन नपरोस् भनेर स्थानीय सरकारको सिफारिसको आधारमा विपन्नको पहिचान गरी निःशुल्क विद्युत जडान गरिरहेको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले जनाए अनुसार, मेचीनगर नगरपालिकाको, मेची नदी पारि रहेको वडा नं. १५ का तीन वटा गाउँमा, विद्युत पुर्‍याउने कार्य थालिसकेको छ । त्यहाँका सिसौडाँगी, होपना वस्ती र ग्वाल वस्तीका ५५ घरमा विद्युत पुगेको छैन । मेचीनगरका प्रमुख र सम्बन्धित वडाका अध्यक्षसँग कुराकानी गरेर त्यहाँका विपन्नहरुको पहिचान भइसकेको अवस्था छ । अब केही दिनभित्रै मेची पारिको नेपाली वस्ती अँध्यारोमुक्त हुने छ ।

# भण्डोत्तलन गरेर

# वीरता जेसीजको कार्यकाल प्रारम्भ

– **सन्दर्भ समाचारदाता**

बिर्तामोड । वीरता जेसीजको सन् २०२१ को नयाँ नेतृत्वले झण्डोत्तलन गरेर कार्यकाल प्रारम्भ गरेको छ । वीरता जेसीजले बिर्तामोड-१ स्थित सचिवालयमा राष्ट्रिय झण्डा र वीरता जेसीजको झण्डा झण्डोत्तलन गरेर कार्यकाल प्रारम्भ गरेको हो ।

वीरता जेसीजका सन् २०२१ का अध्यक्ष राजीव धिमालको सभापतित्व तथा नेपाल जेसीजका पूर्व राष्ट्रिय उपाध्यक्ष सिनेटर प्रशान्त भण्डारीको



प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कार्यक्रम संयोजक जीवन खड्काले स्वागत गरेका थिए । कार्यक्रममा

**बाँकी पृष्ठ ४ मा**

# ओरियन्स कम्पन्नीका अबैध समान वरामद

– **सन्दर्भ समाचारदाता**

दमक । झापाको दमक ६ मा रहेको ग्लोवल ओरियन्स नेटवर्किङ कम्पन्नीमा झापा प्रहरीले छापा मारी लाखौ मूल्यका अबैध समान वरामद गरेको छ । दमक ६ स्थित पदम गुरुङको घरमा भण्डारण गरि नेटवर्किङ रुपमा कारोवार गर्दै आएका जितेन्द्र साहसहित ती समानहरु नियन्त्रणमा लिईएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सानुराम भट्टराईले जानकारी दिए । आज इलाका प्रहरी कार्यालय दमकमा पत्रकार सम्मेलन गरि सो जानकारी दिएको हो । उनका अनुसार बरामद गरिएको खाद्य बस्तुहरुको मूल्य रु ३ करोड रुपैयाँ रहेको अनुमान छ । वरामद गरिएको समानको मूल्यको विल भने रु ८७ लाख २६ हजार ५ सय २० रहेको पाईएको छ । काठमाडौको बालाजुमा दर्ता रहेको ग्लोवल ओरियन्स प्रालिबाट केहि परिमाणका खाद्यबस्तु खरिद गरेको र अन्य बस्तु भन्सार तथा राजश्व छली गरि ल्याईएको आशंकामा प्रहरीले ती समान बरामद गरिएको उनले बताए । पक्राउ परेका साहसहित समानलाई थप अनुसन्धानका लागि राजश्व अनुसन्धान कार्यालय ईटहरीमा बुझाईने उनले वताए । सोहि कारोवारमा संलग्न फरार अन्यको पनि खोजतलास भईरहेको प्रहरीले जनाएको छ ।

# प्रेस विज्ञप्ति

मितिः २०७७ माघ १५

नेपाल प्रेस युनियन

पूर्वमन्त्री समेत रहेका नेकपा ओली समूहका नेता महेश बस्नेतले नामै तोकेर विभिन्न संचारमाध्यमका सम्पादकहरुलाई सार्वजनिक कार्यक्रममा धम्क्याएकाप्रति नेपाल प्रेस युनियनको गम्भिर ध्यानाकर्षण भएको छ । प्रतिनिधिसभा विघटन गरि प्रतिगमनको बाटोमा हिडेको ओली सरकारको गतिविधीप्रति आलोचक बन्दै आएको नेपाली संचारमाध्यम संविधान, लोकतन्त्र, विधिको शासन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा आफूलाई उभ्याउँदै आएको छ । नेपाली संचार जगतको मूल हिस्सा प्रतिमगनको विरुद्ध सतिसाल झै खडा भएपछि अत्तालिएको ओली नेतृत्वको सत्ता र समूह अहिले बर्बराउन थालेको छ। इकागजका सम्पादक हरि बहादुर थापा, कान्तिपुरका सम्पादक सुधिर शर्मा र रातोपाटीका सम्पादक ओम शर्माको नामै लिएर ओली समूहका बस्नेतले सार्वजनिक कार्यक्रममा धम्कयाउने कार्य यहि बर्बराहट मात्र हो भन्ने युनियनको बुझाई छ । सांसद अपहरण लगायत विगतमा विभिन्न विवादित कार्यमा संलग्न रहि पछिलूलो पटक साइबर सेना गठन गरि फरक मत राख्नेहरु विरुद्ध संगठित आक्रमण र दुष्प्रचार गर्दै आएका बस्नेतका तर्फबाट आएको यो धम्की ओली समूहले आफ्नो आलोचक बनेको संचार माध्यमलाई कसरी हेर्छ र कसरी मुख बन्द गर्न प्रयास गर्छ भन्ने उदाहरण पनि हो। लोकतन्त्रको पक्षमा र प्रतिगमनको विरुद्धमा आफू र आफू सम्बद्ध संचार माध्यमलाई अविचलित रुपमा उभ्याउँदै आएका सम्पादहरुको पक्षमा नेपालका मात्र नभइ संसारका स्वतन्त्राप्रेमिहरु साथमा छन् । कायरहरुले दिने यस्ता धम्कीको पर्वाह नगरि आफ्नो कर्म जारी राख्न युनियन सबै सम्पादकहरुलाई आग्रह पनि गर्दछ । नेपाल प्रेस युनियन यस्ता धम्किपूर्ण अभिव्यक्तिको कडा शब्दमा निन्दा गर्दै सम्बन्धित सम्पादकहरु र नेपाली संचारजगतसँग तत्काल माफि माग्न बस्नेतलाई सचेत गराउँछ। अन्यथा सदैव प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षपाती र हँदै आएको युनियन यस्ता समाज तथा संचारमाध्यम विरोधी हर्कतको प्रतिवाद गर्न सक्षम रहेको यसै वक्तव्य मार्फत जानकारी गराउन चाहन्छ। सार्वजनिक रुपमा धम्की दिने यस्ता तत्वहरुलाई नियन्त्रणमा लिई कानुनी कार्वाही गर्न स्थानिय प्रसाशनसँग युनियन जोडदार माग गर्दछ। धन्यवाद ।

**अजयबाबु शिवाकोटी**
**महासचिव**

# बुधबारेमा जेसीजको लागूऔषध विरुद्धको अभियान

– **सन्दर्भ समाचारदाता**

बुधबारे । बुधबारे जेसीजले लागुऔषध तथा दुर्व्यसनी विरुद्धको अभियान शुभारम्भ गरेको छ। बुद्धशान्ति गाउँपालिकाको परिसरमा विशेष कार्यक्रमको आयोजना गरि अभियान शुरु गरिएका हो । बुधबारे जेसीजका सदस्य विनोद नेम्बाङको संयोजकत्व, बुधबारे जेसीजका अध्यक्ष अनिल वाग्लेको अध्यक्षता तथा बुद्धशान्ति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद चापागाँईको प्रमुख आतिथ्यमा लागुऔषध तथा दुर्व्यसनी विरुद्धको अभियान शुरु गरिएको हो ।

कार्यक्रमको औचित्यमाथि अध्यक्ष वाग्लेले प्रकाश पारेका थिए । बुधबारे जेसीजका सदस्य दूयीधनसिंह देवले जेसीज आस्था प्रस्तुत गरेको कार्यक्रममा प्रमुख अतिथि चापागाँईले जेसीजले शुरु गरेको अभियानको सफलताको कामना गर्दै सकारात्मक कामका लागि गाउँपालिका सदैव सकारात्मक रहेको बताउँदै गाउँपालिकाका तर्फबाट संभव भएसम्म सहयोग गर्ने धारणा राखे। त्यस्तै कार्यक्रमका विशेष अतिथि इलाका प्रहरी कार्यालय बुद्धशान्तिका




प्रमुख निराजन कटवालले बुद्धशान्ति गाउँपालिका लागु औषध तथा दुर्व्यसनीको शिकार भएको उल्लेख गर्दै इलाका प्रहरी कार्यालयले अभियानमा पूर्ण साथ सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । त्यस्तै अतिथि बुद्धआदर्श माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष मनोरथ तिवारीले सबैको साझा प्रयासले कुलतमा फस्नबाट युवालाई जोगाउनुपर्ने धारणा राखे। गोकुल पौड्यालले सञ्चालन गरेको कार्यक्रममा विभिन्न विद्यालयका विद्यार्थी, संघसंस्थाका प्रतिनिधि, जेसीजका पदाधिकारी सहित सरोकारवाला पक्षको सहभागिता थियो ।

लागूऔषध प्रयोगबाट स्वास्थ्य र समाजमा पुग्ने हानीबाट सचेत हुनेतर्फ सबैको ध्यानाकर्षण गर्दै बृहत र्‍याली सम्पन्न भएको थियो । लागुऔषध तथा दुर्व्यसनी विरुद्धका सचेतना मूलक नारा लेखिएका प्ले कार्डहरु सहितको र्‍याली बुधबारे बजार परिक्रमा गरी गाउँपालिका कार्यालय परिसरमा पुगेर समापन भएको थियो ।

जन्मदिनको अवसर पारेर जमुनादेवी चापागाईले बुधबारे जेसीजले थालेको लागुऔषध विरुद्धको अभियान सफल बनाउन रु २५ हजार रुपैँयाँ सहयोग गरेकी छन् । सामाजिक दायित्व बनेको लागुऔषध तथा दुर्व्यसनी विरुद्धको अभियानमा सहयोग गरेको चापागाईले बताइन् ।

# गौरीगंजमा आँखा अस्पतालको सेवा केन्द्र

– **सन्दर्भ समाचारदाता**

गौरीगंज । विर्ता ज्योती आँखा अस्पतालको सेवा केन्द्र गौरीगंजमा विधिवत सञ्चालनमा आएको छ । गौरीगंज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठले गौरीगंज गाउँपालिका वार्ड नं. ३ स्थित गेउरिया पुल पुर्वमा रहेको उपचार केन्द्रको रिवन काटेर उद्घघाटन गरे ।

गाउँपालिकाका अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि बाबुराजा श्रेष्ठले गौरीगंज गाउँपालिकामा आँखा उपचार केन्द्रको स्थापना हुनुलाई गौरीगंजवासीले अवसरको रूपमा लिनु पर्ने बताउदै उपचार केन्द्रलाई सबैले साथ र सहयोग गर्नुपर्ने बताए । यस उपचार केन्द्रमा आँखाको सामान्य उपचार देखि शल्यक्रिया सम्मको सेवा सुविधाको व्यवस्था गरेर आँखाको विरामीलाई स्वास्थ्य विमा मार्फत उपचारको वातावरण मिलाउनु पर्ने अध्यक्ष श्रेष्ठको सुझाव थियो ।

उद्घघाटन कार्यक्रममा वार्ड नं. ३ का अध्यक्ष तथा कार्यक्रमका विशिष्ट अतिथि मखना महतोले विर्ताज्योती आँखा उपचार केन्द्र गौरीगंजमा स्थापना हुनु गर्वको कुरा भएको बताउदै उपचार केन्द्रलाई स्थायित्व बनाउन वार्ड कार्यालयले सक्दो सहयोग गर्ने प्रतिवद्वता जनाए ।



आँखा उपचार केन्द्रको औपचारिक रुपमा आज उद्घाटन गरिए पनि, यसले माघ ५ गतेबाट अस्पतालले आफ्नो सेवा दिन थालको थियो । आँखा उपचारका लागि गौरीगंजलगायत भारतको विहार राज्यबाट आखाँका विरामीहरू आउन थालेका छन् । अस्पतालले सेवा शुरू गरेको हप्ता दिनसम्म निःशुल्कमा ओपिडी सेवा तथा औषधि खरिद र आखाँ अप्रेशनमा २० प्रतिशत छुट दिएको अस्पतालका सञ्चालक मोती बरालले जानकारी गराएका छन् ।

विर्तामोड आँखा अस्पतालल चारपाने विर्तामोडको सहकार्य र विर्ता ज्योती आँखा अस्पताल दमकको प्राविधिक सहयोगमा गौरीगंजमा पहिलो पटक आफ्नो सेवा केन्द्र विस्तार भएको अस्पतालका प्रशासन शाखाका अधिकृत सुनिल दाहालले बताए । उनका अनुसार अस्पतालमा दैनिक १ सय भन्दा वढी आँखाका विरामीहरू आउने गरेको छ ।

उद्घघाटन कार्यक्रममा वार्ड नं. ४ का अध्यक्ष कुलप्रसाद गिरी, स्वास्थ्य प्रमुख रामचन्द्र मिश्र, गौरीगंज ईलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक राकेश रेग्मी, जनार्धन आचार्यलगायतले बोलेका थिए । डा. राकेश प्रधानको अध्यक्षतामा भएको उद्घघाटन कार्यक्रममा उद्योग वाणिज्य संघ गौरीगंजका सचिव श्रवण गिरी, कांग्रेस महासमिति सदस्य घनश्याम रिजाल, वडा अध्यक्ष वद्रीनारायण यादवलगायतको सहभागीता थियो । कार्यक्रमको सञ्चालन विनोद दाहालले गरेका थिए भने उपचार केन्द्रका सञ्चालक मोती दाहाल, कर्ण राउतलगायतको विशेष सहयोग रहेको थियो ।

# कोरोना भाइरस पीडितलाई आइएमईद्वारा सहयोग

– **सन्दर्भ समचारदाता**

भद्रपुर । कोरोना भाइरस महामारीबाट विदेशमा मृत्यु भएका प्रदेश नं. १ का चार जना श्रमिकका आफन्तलाई आइएमईले जनही ५० हजार रुपैयाँका दरले आर्थिक सहयोग गरेको छ । मृतकका परिवारलाई सहयोग गर्ने उद्देश्यका साथ आइएमईले 'भरोसा कोष' स्थापना गरेको थियो । आइएमईको प्रादेशिक सम्पर्क कार्यालय बिर्तामोड झापामा आयोजित एक विशेष कार्यक्रमकावीच प्रदेश नम्बर १ का लाभग्राहीहरूलाई रकम हस्तान्तरण गरिएको छ । आइएमई ग्रुपका अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य




महासंघका बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले सहयोग राशी बराबरको चेक हस्तान्तरण गरेका थिए ।

चेक हस्तान्तरण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले कोभिड-१९ ले ज्यान गुमाउन वाध्य प्रवासी श्रमिकका आश्रित परिवारलाई सक्दो सहयोग गर्नु कोशको मुख्य उद्देश्य रहेको बताए । कोशबाट आवेदकहरूलाई जनही ५० हजारका दरले सहयोग रकम प्रदान गरिँदै आएको छ । प्रदेश नम्बर १ अन्तर्गतको बिर्तामोड क्षेत्रबाट कूल ४ जनालाई अध्यक्ष ढकालले उक्त सहयोग राशी हस्तान्तरण गरेका हुन् ।

श्रमका लागि विदेश गएका धेरै नेपालीको कोरोना भाइरसका कारण मृत्यु भएको र आश्रित परिवारमा ठूलो पीडा थपिएको महसुस गरी आइएमईले मृतकको परिवारलाई आर्थिक सहयोग गर्ने उद्देश्यका साथ भरोसा कोशको स्थापना गरेको हो । कोषले विभिन्न प्रदेशमा सहयोग रकम हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिँदै आएको छ भने प्रदेश नम्बर दुईको राजधानी जनकपुरमा छिट्टै नै सहयोग रकम हस्तान्तरण गर्ने योजना बनाएको छ ।

कोषबाट सहयोग राशी प्राप्त गर्नका लागि सन् २०२० को जनवरी १ देखि अक्टोबर १६ (२०७६ साल पुस १६ देखि २०७७ साल असोज ३०) सम्म कोभिड-१९ का कारण विदेशमा मृत्यु भएका नेपाली श्रमिकका नेपालमा हुने ईच्छुक आफन्तहरूले आवश्यक विवरण सहित पानीपोखरी, काठमाडौंमा अवस्थित आइएमई ग्रुपको केन्द्रीय कार्यालयहरूका साथै सवै प्रदेशमा अवस्थित प्रादेशिक कार्यालयहरूमा मिति २०७७ साल मंसिर १५ गतेसम्म आवेदन दिन सक्नेगरि व्यवस्था मिलाएको थियो ।

# 'साँच्चै नै रमाइलो झापा विर्तामोड' गीतको लोकार्पण

– **सन्दर्भ समाचारदाता**

विर्तामोड । झापाको विर्तामोडमा आयोजित एक कार्यक्रमका बीच लोकबहादुर सुवेदीको पहिलो प्रस्तुती 'साँच्चै नै रमाइलो झापा विर्तामोड' गीतको म्युजिक भिडियो लोकार्पण तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ । मातृकला साहित्य आश्रम मेचीनगरको आयोजना र सरगम संगीतालय विर्तामोडको संयोजनमा सम्पन्न कार्यक्रममा लोकार्पित म्युजिक

**बाँकी पृष्ठ ६ मा**

**वीरता...**

प्रमुख अतिथि भण्डारीले सचिवालय रहेको शिव पाञ्चायन मन्दिरको छतमा राष्ट्रिय झण्डा र वीरता जेसीजको झण्डा झण्डोत्तलन गरेका थिए । उनले जेसीजका सदस्यहरु संस्थाप्रति जिम्मेवार बन्न आग्रह गर्दै रचनात्मक कार्यमा अघि बढ्न सुझाव दिए ।

कार्यक्रममा वीरता जेसीजका सन २०२० का अध्यक्ष मिजास पोखरेलले सन् २०२१ का अध्यक्ष राजिव धिमाललाई माइन्युट र साँचो हस्तान्तरण गरेका थिए । कार्यक्रमको सञ्चालन वीरता जेसीजका सन् २०२० का महासचिव विकास वस्नेत र सन् २०२१ का महासचिव लोकचन्द्र श्रेष्ठ (एलसी) ले गरेका थिए ।

यसैबीच अध्यक्ष धिमालले वीरता जेसीजको सन् २०२१ का लागि १५ जना संयोजक चयन गरेका छन् । वीरता जेसीजको खेल संयोजकमा दिपेन धिमाल, संस्कृति संयोजकमा मेघराज लिम्वू(गोपाल), रक्तदान संयोजकमा प्रकाश सुवेदी, सञ्चार संयोजकमा तुलसीप्रसाद निरौला, शाखा सम्पादकमा कमल पाण्डे विनोद, अवार्ड संयोजकमा सञ्जय राजवंशी, वातावरण तथा सरसफाई संयोजकमा प्रज्ज्वल विमली, शिक्षा संयोजकमा सुमन पोद्धार रहेका छन् ।

यस्तै अन्तर शाखा समन्वय संयोजकमा जीवन खड्का, अन्तर्राष्ट्रिय समन्वय संयोजकमा मनोज रौनियार, मनोरञ्जन संयोजकमा आशिम ज्वयल श्रेष्ठ, अर्थ संयोजकमा दिपक शाह, स्वास्थ्य संयोजकमा घनश्याम चौधरी, दुर्घटना न्यूनीकरण संयोजकमा मिक्की कार्की, महिला तथा वालवालिका संयोजकमा किरण थापा चयन भएका छन् ।

**ईंटा...**

तयारीमा लागेको गाउँले थाहा पाएपछि हामी त्यसको प्रतिकारमा उत्रिएका हौँ, उपाध्यक्ष शिवाकोटीले भने ।

गाउँलेको सहमतिबिना गाउँमा ईंटा उद्योग खोल्ने प्रयास गरिएमा जस्तोसुकै कदम चाल्न परे पनि पछि नहट्ने उनले चेतावनीसमेत दिए । ईंटा उद्योगको वायु प्रदूषणले वातावरण ठुलो असर पर्ने भएकोले हामी त्यसको विरोधमा उत्रिएको स्थानीय रविन ढुङ्गानाले बताए । 'वायु मण्डलमा पिएम नाम कणको मात्रा ४० हुनु पर्नेमा ईंटा उद्योगबाट निस्किने प्रदूषणको मात्रा त्यसलाई बढाएर ५ सय बनाउने काम गर्छ,' उनले भने, 'जुन वातावरणको लागि खतरनाक वायु हो, त्यसैले हामी ईंटा उद्योग खोल्न दिने पक्षमा छैनौँ ।' 'वातावरणमैत्री उद्योग वा पार्क खोल्न आएमा त्यसको हामी स्वागत गर्छौं, उनले भने । व्यवसायी थापाले स्थानीयको विरोधका बाबजुत प्रदूषण फैलाउने र मानव बस्तीलाई विस्थापित गराउने उद्देश्यले उद्योग खोल्ने तयारीको वर्षौंदेखि नै विरोध गर्दै आएको स्थानीय सन्तोष कटुवाल बताउँछन् । उद्योगीले पहिले कुरा मात्र गर्ने गरेको तर यस पटक उद्योगका लागी संरचना निर्माणका लागि सरसामान नै झार्न थालेपछि स्थानीयहरू संगठित बन्दै आन्दोलनमा उत्रिएको उनको भनाइ छ । 'अब हामी वारपारको अवस्थामा पुगेका छौँ, यसका लागि रगतको खोला पनि बग्छ, उनले भने ।'

त्यस्तै स्थानीय सविता कटुवालले उद्योगी दादागिरी शैलीमा ईंटा उद्योग खोल्न लागेकाले त्यसको प्रतिकारमा उत्रिएको बताइन् । टोल विकास संस्था, नागरिक समाज, गाउँवासीको सहमतिबिना कुन कानुनले ईंटा उद्योग खोल्ने अनुमति दिएको प्रश्न गर्दै उनले भनिन्, 'पैसा र शक्तिको आडमा कानुनलाई लत्याएर जे पनि गर्न पाइन्छ ?'यता कमल गाउँपालिका १ नम्बर वडाध्यक्ष केदार कटुवालले गाउँमा ईंटा उद्योग खोल्ने विषयमा वडा कार्यालय र गाउँपालिकामा आधिकारिक रुपमा केही सूचना र पत्र नआएको बताए । उद्योगीले कहाँबाट अनुमति ल्याएर उद्योग खोल्ने तयारीमा लागेको आफू पनि आश्चर्यमा परेको उनको भनाइ छ । उद्योग खोल्ने विषयमा वडा कार्यालयबाटै सरजमिन हुनुपर्ने बताउँदै उनले यस विषयमा आफूलाई पनि थाहा नभएको प्रतिक्रिया दिए ।








